# प्रदेशमा मिडिया



सेन्टर फर मिडिया रिसर्च-नेपाल

# प्रदेशमा मिडिया

फ्रेडरिक एबर्ट स्टिफटुङ (एफइएस) नेपालको सहयोगमा
सेन्टर फर मिडिया रिसर्च–नेपाल, काठमाडौँद्वारा प्रकाशित

Center *for*
Media Research
NEPAL

२०७८

# प्रदेशमा मिडिया

**सम्पादक** : तिलक पाठक, भुवन केसी र उज्ज्वल आचार्य
**अध्ययनकर्ता** : राजु अधिकारी, शिवनाथ यादव, ऋषिकेश दाहाल, उमेश श्रेष्ठ, विकास कार्की, सन्तोष पोखरेल, कृष्ण पोखरेल, नगेन्द्र उपाध्याय र मनमोहन स्वाँर
**अध्ययन सहयोगी** : चेतना कुँवर
**भाषा** : रघुनाथ लामिछाने
**संयोजन** : उज्वल प्रजापति
**प्रकाशित मिति** : २०७८

**प्रकाशक** :
सेन्टर फर मिडिया रिसर्च–नेपाल
वेब : http:/research.butmedia.org
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmedia.org
**लेआउट** : आवृति मिडिया

**सहयोग** :
FRIEDRICH EBERT STIFTUNG
Nepal Office
फ्रेडरिक एबर्ट स्टिफटुङ (एफइएस) नेपाल
वेब : http://nepal.fes.de/
फेसबुक : www.facebook.com/FESNP
इमेल : fes@fesnepal.org

आइएसबिएन : 978-9937-1-1802-6
*यो पुस्तक क्रियटिभ कमन्स CC BY 4.0 अन्तर्गत प्रकाशन गरिएको छ । यसका सामग्रीहरु स्रोत उल्लेख गरेर र मूल कुरा फरक नपर्ने गरी पुनः प्रकाशन गर्न पाइन्छ ।*

# हाम्रो भनाइ

नेपालमा मिडियाको इतिहास सय वर्षभन्दा बढीको छ । अहिलेसम्म आइपुग्दा मिडिया क्षेत्रले सङ्ख्या, प्रविधि, सामग्री, जनशक्ति, बजार, पहुँच, लगानी, विविधता, विधालगायतका पक्षमा ठूलै फड्को मारेको छ । तर गुणस्तरीयता, निरन्तरता, व्यावसायिकता र विश्वसनीयता लगायतका विषय भने चुनौतीका रूपमा छन् ।

राजनीतिकरूपमा नेपालमा निकै उतारचढाव आएका छन् । त्यसको प्रभाव प्रत्यक्ष वा परोक्षरूपमा मिडियामा पर्ने गरेको छ । नेपालमा मिडियाको सुरूवात राणा शासनका बेला भए पनि त्यतिबेला मिडिया फस्टाउने वातावरण थिएन । २००७ सालको जनक्रान्तिपछि शासन व्यवस्था र संवैधानिक हिसाबले खुला र स्वतन्त्रता अभ्यास गर्ने वातावरण बन्यो । तर २०१७ सालमा प्रजातान्त्रिक शासन व्यवस्थामाथि कु भएसँगै नागरिक अधिकारका साथै स्वतन्त्र प्रेसका अधिकारहरु पनि हरण भए । पञ्चायती शासन व्यवस्थामा पनि मिडिया थिए । शासन व्यवस्था भन्दा फरक विचार राख्नेहरु प्रायः सत्ताको निशानामा परिरहे ।

२०४६ सालमा जनआन्दोलनको सफलतापछि बहुदलीय व्यवस्थाको पुनर्बहाली, २०४७ सालमा जारी संविधानमा प्रेस स्वतन्त्रताको सुनिश्चितता, सोहीअनुसार जारी भएका नियम/कानुनले गर्दा मिडिया क्षेत्रमा निजी क्षेत्रको आकर्षण बढ्यो । २०५२ सालमा माओवादी सशस्त्र द्वन्द्व सुरू भएपछि मिडिया विद्रोही र राज्य पक्षको चेपुवामा पऱ्यो । २०५८ साल मङ्सिरमा लगाइएको सङ्कटकाल र २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रबाट प्रत्यक्ष शासनको घोषणापछि मिडिया र पत्रकार गम्भीर सङ्कटमा परे । बेलाबेलामा मिडियालाई नीतिगत र व्यावहारिकरूपमा अङ्कुश लगाउने प्रयासहरु भए पनि पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनको सङ्ख्या वृद्धि भएको पाइन्छ ।

२०७२ सालमा जारी नेपालको संविधान र २०७४ सालमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको निर्वाचनपछि मुलुक सङ्घीयतामा प्रवेश गरेको छ । सङ्घीयतामा प्रवेश गरे पनि पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमको एकीकृत र प्रदेशगत तथ्याङ्क पाउन सहज छैन । त्यसलाई मध्यनजर गर्दै सेन्टर फर मिडिया रिसर्च–नेपालले प्रदेशमा मिडिया नामक पुस्तक प्रकाशन गरेको हो । यसले दर्ता र इजाजतपत्र लिएका मिडियाको अवस्थामात्र देखाउँछ । तिनीहरूमध्ये कति सञ्चालनमा छन् र कसरी सञ्चालन भएका छन् भन्ने छुट्टै अध्ययनको विषय हुन सक्छ ।

पुस्तकमा पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन न्युजपोर्टललाई मिडिया भनेर उल्लेख गरिएको छ । यसमा रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमसम्बन्धी २०७८ साल फागुन पहिलो हप्तासम्म प्राप्त तथ्याङ्कहरू समावेश छ । पत्रपत्रिकाकासम्बन्धी तथ्याङ्क प्रेस काउन्सिल नेपालले २०७८ सालमा प्रकाशित गरेको ४६ औँ वार्षिक प्रतिवेदनका आधारमा प्रयोग गरिएको छ ।

दर्ता, प्रकाशन अभिलेख, इजाजत, बन्द, रद्दलगायतका तथ्याङ्कको स्रोत फरक–फरक हुँदा र व्यवस्थितरूपमा तथ्याङ्क राख्ने प्रणालीमा समस्या रहेकाले तथ्याङ्कहरूमा समस्या छ । सूचना तथा प्रसारण विभागको पत्रिका दर्ता र प्रेस काउन्सिल नेपालको प्रकाशन दर्ता अभिलेखमा फरक–फरक तथ्याङ्क छ । जिल्ला प्रशासन कार्यालयमा गरिएको दर्ता हेर्दा त्योभन्दा फरक पनि पाउन सकिन्छ । त्यसैगरी अनलाइनको तथ्याङ्क पनि प्रेस काउन्सिल नेपालमा सूचीकरण भएको आधारमा प्रयोग गरिएको छ । तथ्याङ्कमा एकरूपता र बुझ्न थप सहज होस् भनेर त्यसो गरिएको हो । त्यस अतिरिक्त सूचना तथा प्रसारण विभागबाट प्राप्त रेडियो र टेलिभिजनको सूची तथा प्रेस काउन्सिलबाट प्राप्त अनलाइनको सूचीकरणलाई प्रदेश र जिल्लागतरूपमा छुट्याउँदा सकेसम्म कमजोरी नहोस् भन्नेमा ध्यान दिइएको छ ।

पुस्तकमा नेपालमा मिडियाको विकासक्रमका साथै प्रदेशमा मिडियाको विकास के/कसरी भयो भन्ने विषय सङ्क्षिप्तरूपमा प्रस्तुत गरिएको छ । साथै मिडियाका मुद्दा, चुनौती र अवसरका विषयमा पनि सङ्क्षेपमा चर्चा गरिएको छ । नेपाली मिडियाबारे रूचि राख्ने सबैलाई यो उपयोगी हुने विश्वास लिएका छौँ । र, आगामी दिनमा तथ्याङ्क प्रणालीका क्षेत्रमा थप काम गरी अझ व्यवस्थित र एकरूपता कायम गर्नका लागि पनि यसले प्रोत्साहन गर्नेछ भन्ने अपेक्षा लिएका छौँ ।

पुस्तक तयारीका क्रममा सहयोग पुऱ्याउनुहुने राजु अधिकारी (प्रदेश १), शिवनाथ यादव (मधेस प्रदेश), सन्तोष पोखरेल (गण्डकी प्रदेश), कृष्ण पोखरेल र किरण कौशल (लुम्बिनी प्रदेश), नगेन्द्र उपाध्याय (कर्णाली प्रदेश) र मनमोहन स्वाँर (सुदूरपश्चिम प्रदेश) लाई धन्यवाद दिन चाहन्छौँ । त्यसैगरी सेन्टर फर मिडिया रिसर्च–नेपालका पूर्वअध्यक्ष ऋषिकेश दाहाल, पूर्वसचिव उमेश श्रेष्ठ, पूर्वकोषाध्यक्ष विकास कार्की, कार्यक्रम व्यवस्थापक उज्वल प्रजापति, अनुसन्धान कार्यमा सहयोग पुऱ्याउनुहुने चेतना कुँवर धन्यावादका पात्र हुनुहुन्छ । साथै अध्ययनका क्रममा सूचना र जानकारी दिएर सहयोग पुऱ्याउनुहुने पत्रकार, विश्लेषकसहित सबैलाई विशेष धन्यवाद दिन चाहन्छौँ । सेन्टर फर मिडिया रिसर्च नेपालका पदाधिकारी तथा सदस्यहरू, पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग गर्ने फ्रेडरिक एबर्ट स्टिफटुङ (एफइएस) नेपालका साथै एफइएस–नेपालको तर्फबाट संयोजन गर्नुहुने पवित्रा राउतप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

**तृष्णा आचार्य**
**अध्यक्ष**
**सेन्टर फर मिडिया रिसर्च–नेपाल**

# विषयसूची



| | | |
|---|---|---|
| नेपालमा मिडिया | | १ |
| प्रदेश नं. १ | : छापा माध्यमकै दबदबा | १७ |
| मधेस प्रदेश | : व्यावसायिकता बढाउने चुनौती | २९ |
| वाग्मती प्रदेश | : मिडियाको केन्द्र | ३९ |
| गण्डकी प्रदेश | : व्यावसायिकताको खोजी | ५१ |
| लुम्बिनी प्रदेश | : अर्बभन्दा बढीको लगानी | ६१ |
| कर्णाली प्रदेश | : मिडियाको दिगो विकासमा समस्या | ७३ |
| सुदूरपश्चिम प्रदेश | : सीमान्तकृत समुदायको आवाज | ८३ |
| सन्दर्भ सामग्री | | ९५ |

# नेपालमा मिडिया

# नेपालमा मिडिया

| अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका | पत्रकार |
|---|---|---|---|---|
| ३१२० | ८८० | १६४ | ४७८९ | १३०७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | ९१ | ५७ | ३ | ८५ | ८५९ |
| सुदूरपश्चिम प्रदेश | ९७ | ११३ | १ | २०८ | १२१२ |
| गण्डकी प्रदेश | २१३ | ११० | १८ | २८० | १०१३ |
| वाग्मती प्रदेश | २११० | १८३ | १०१ | २६५७ | ५७७६ |
| लुम्बिनी प्रदेश | २३४ | १५२ | २३ | ३२० | १८०६ |
| प्रदेश नं. १ | २१६ | १४९ | ६ | ५२९ | १६१२ |
| मधेस प्रदेश | १५९ | ११६ | १२ | ७१० | ७९९ |



स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ

मिडियाको विकास त्यस देशको राजनीतिक परिस्थितिसँग सम्बन्धित हुन्छ । लोकतान्त्रिक शासन व्यवस्था, संवैधानिक व्यवस्था, विधिको शासन हुँदा मिडिया फस्टाउनुका साथै स्वतन्त्रताको अभ्यास गर्ने वातावरण हुन्छ । लोकतान्त्रिक मूल्य-मान्यता क्षयीकरण हुँदा मिडियाको विकास र स्वतन्त्रतामा विभिन्नखालका अवरोध देखा पर्छन् । जहाँ लोकतान्त्रिक शासन व्यवस्था हुँदैन, त्यहाँ मिडिया त हुन्छन् तर स्वतन्त्रताको अभ्यास गर्ने वातावरण हुँदैन । नेपालको मिडियाको इतिहास नियाल्दा लोकतान्त्रिक वातावरणमा मिडियाको विकास सहजरूपमा हुनुका साथै स्वतन्त्रताको अभ्यास बढी भएको पाइन्छ । निरङ्कुश व्यवस्था, सशस्त्र द्वन्द्व, विभिन्न मुद्दामा कलह हुँदा निर्वाचित सरकारहरूले पनि बेलाबेलामा मिडियालाई नियन्त्रण या अङ्कुश लगाउने गरेका इतिहास छ । लोकतान्त्रिक आन्दोलनमा मूलतः निजी क्षेत्रको मिडियाको महत्वपूर्ण योगदान छ । यस्तै आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका क्षेत्रमा सरकारी र निजी क्षेत्रका मिडियाको उल्लेख्य भूमिका छ ।

## खुम्चिँदै छापा माध्यम

बेलायत भ्रमणबाट फर्कँदा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले १९०८ सालमा प्रेस ल्याएका थिए । प्रेस भित्रिएको ४७ वर्षपछि नेपालमा पहिलो पत्रिकाका रूपमा सुधासागर मासिक प्रकाशित भएको पाइन्छ । सुधासागर प्रकाशित भएको ३ वर्षपछि सरकारकै सक्रियतामा १९५८ सालमा साप्ताहिकरूपमा 'गोर्खापत्र' प्रकाशित भयो । त्यही 'गोर्खापत्र' २०१७ साल फागुन ७ गतेदेखि दैनिकरूपमा प्रकाशित भएको हो । अहिले पनि यो 'गोरखापत्र' को नामले नियमितरूपमा प्रकाशित हुँदै आएको छ । गोरखापत्रबाहेक नेपालबाट प्रकाशित हुने अरु नेपाली पत्रिका पढ्नका लागि ९० को दशक पर्खिनुपर्‍यो । १९९१ सालको फागुन महिनामा शारदा साहित्यिक मासिकको प्रकाशन सुरू भयो । १९९२ साल भदौदेखि उद्योग नामक पाक्षिक पत्रिकाको प्रकाशन सुरू भयो । राणा शासनको आखिरी समयताका नेपालबाट राजनीतिक विषय समावेश गरिएका पत्रिकाहरु प्रकाशित हुन थालेका थिए । २००७ साल फागुन ४ गतेदेखि जागरण साप्ताहिक प्रकाशित भयो । त्यसको केही दिनपछि नेपालमा प्रजातन्त्र स्थापना भयो । त्यसपछि पत्रपत्रिका प्रकाशनमा वृद्धि भयो ।

२००७ साल फागुन ७ गते मुलुकमा प्रजातन्त्र प्रादुर्भाव भयो । प्रजातन्त्र आएको भोलिपल्ट फागुन ८ गतेदेखि आवाज दैनिकको सुरूवात भयो । २०११ सालमा पशुपतदेव पाण्डेको सम्पादनमा समाज दैनिक प्रकाशन सुरू भयो । यस कालखण्डमा सन्देश, दैनिक समाचार, नेपाली समाचार, जय नेपाल, नेपाल भाषा, नेपाल टाइम्स, द कमनर, समय, हालखबर, एभरेस्ट न्युज, सही सन्देश, सत्याग्रह, दियालो, पासा, गोरेटो, भूगोलपार्क, नयाँ समाज, स्वतन्त्र समाचार, जनमत, डेली मिरर, जनता, मदरल्यान्ड, तरङ्ग, झिल्को, राष्ट्रवाणी, आलोक, सही रस्ता, युगदूत जस्ता पत्रपत्रिका प्रकाशित भए । यी पत्रिका कुनै न कुनै रूपमा राजनीतिक पार्टीसँग सम्बन्धित थिए । कुनै कम्युनिस्ट पार्टीको प्रखर मुखपत्रको रूपमा आउन थाले भने अधिकांश समाचारपत्र नेपाली कङ्ग्रेसको वकालत गर्नमा आफूलाई सबल देखाउन थाले । त्यस्तै ससाना पार्टीले पनि आफ्नो प्रचार माध्यम मुखपत्रका रूपमा प्रकाशनलाई बनाउन नसके पार्टी अस्तित्व नै समाप्त हुने अनुभव गर्न थाले र प्रकाशन दर्ता गरी प्रचार गर्न सुरू गरे (बहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४) ।

२०१७ साल पुस १ गते राजा महेन्द्रले प्रजातन्त्रमाथि कु गरी निरङ्कुश पञ्चायती व्यवस्था सुरू गरे । राजनीतिक परिवर्तनसँगै पत्रकारिताको विकासमा पनि अवरोध सिर्जना भयो । पञ्चायती व्यवस्था प्रतिकूल सामग्री प्रकाशन हुन नसक्ने र प्रकाशित गरिए प्रतिबन्ध लगाउन सक्ने व्यवस्था गरियो । यसले गर्दा प्रेसको भूमिका

साँघुरिएन मात्रै, पञ्चायत विरोधी विचारधाराका कतिपय पत्रिकामाथि प्रतिबन्ध पनि लगाइयो । राजनीतिक उद्देश्यले प्रकाशित पत्रपत्रिका तथा पार्टीका मुखपत्र २०१७ साल पुस १ गतेदेखि बन्द गरिए (पाण्डे, २०५५) । राजनीतिक विषयवस्तुलाई केन्द्रित गरी प्रकाशित पत्रिकाहरु २ धारमा देखापरे– पञ्चायती व्यवस्थाको समर्थन र विरोधमा । समर्थन गर्नेहरूले राज्यबाट संरक्षण पाए भने विरोध गर्नेहरु राज्य पक्षबाट प्रताडित भए । र, कतिपय पत्रिकाको दर्ता खारेजसमेत गरियो ।

२०३६ सालको जनमत सङ्ग्रहका लागि गरिएको शाही घोषणापछि नेपाली पत्रकारिता नयाँ चरणमा प्रवेश गर्‍यो । जनमत सङ्ग्रहको घोषणालाई प्रचारप्रसारका लागि छूट दिने व्यवस्था गरियो । कतिपय पत्रिकाले प्रष्टरूपमा प्रजातान्त्रिक परिवर्तनको पक्षमा वकालत गर्न थाले भने केही पत्रिका पञ्चायती व्यवस्थाकै पक्षमा उभिए । जनमत सङ्ग्रहपछि नेपालमा प्रकाशनहरु स्पष्टतः २ खेमामा विभाजित भएका थिए । पहिलो खेमा जो पञ्चायतको पक्षमा वकालत गर्थे भने दोस्रो खेमामा विभाजित प्रकाशनहरु जनमत सङ्ग्रहको समयमा खुलेर अभ्यास गर्न पाएको अवसर चुकाउन चाहँदैनथे (बहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४) ।

जनमत सङ्ग्रहपश्चात पनि पत्रपत्रिका राजनीतिकरूपमा विभाजित देखिए । केहीले पञ्चायती व्यवस्थाको समर्थन गरे त केही पत्रपत्रिका यसको विरोधमा देखिए । नेपालमा जनमत सङ्ग्रहपछि सुरू भएको सशक्त पत्रकारिताको स्वरूप केही व्यावसायिक देखिए पनि यो मिसन पत्रकारिता नै थियो (पाण्डे, २०५५) । यस अवधिमा राष्ट्रपुकार, देशान्तर, जनसंवाद, राजधानी, माध्यम, दृष्टि, प्रकाश, छलफल, समीक्षा, पुनर्जागरण, समाज, मातृभूमि, रातो युगधारा, नेपाल टाइम्स, कमनर, प्रतिध्वनि, जन्मभूमि, विमर्श, नेपाल पोस्टलगायतका दैनिक तथा साप्ताहिक पत्रिका प्रकाशित भएको पाइन्छ । त्यतिबेला दलहरूको समर्थनमा रहेका साप्ताहिक पत्रिकाहरूको मुख्य मिसन भनेकै प्रजातन्त्र पुनर्स्थापना गराउनु थियो । २०४६ सालको जनआन्दोलनमा नेपाली पत्रकारहरूले पनि सेन्सरसिप, गिरफ्तारी, यातना र मुद्दा सहेर पनि आन्दोलनको पूर्वतयारीदेखि नै जनताको अभिमत बनाउन सक्दो प्रयास गरे (पाण्डे, २०५५) ।

जनआन्दोलनको बलमा २०४६ साल चैत २६ गते प्रजातन्त्र पुनर्बहाली भयो । २०४७ सालमा नेपाल अधिराज्यको संविधान, ०४७ जारी भयो । संविधानको धारा १३ मा छापाखाना तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरियो । संविधानमा प्रेस स्वतन्त्रताको प्रत्याभूति भएपछि पत्रिका प्रकाशनमा वृद्धिमात्र भएन, व्यावसायिक लक्ष्य लिएर पनि पत्रपत्रिका प्रकाशित हुन थाले ।

२०४९ सालमा निजी क्षेत्रबाट कान्तिपुर र दि काठमान्डु पोस्टको प्रकाशन आरम्भ भयो । यसले सरकारी नियन्त्रणका २ दैनिकको एकाधिकार तोड्दै व्यावसायिक पत्रकारिताको बिउमात्रै रोपेन, मिडियामा लगानी गर्न अरूलाई पनि बाटो देखाइदियो (गौतम र हुमागाईँ, २०६१) । यी दुवै पत्रिकाको सफलता अरूका लागि प्रेरणादायी बन्यो । परिणामस्वरूप ब्रोडसिट दैनिक पत्रिकाहरु प्रकाशन गर्ने क्रम बढ्यो । २०५२ सालमा हिमालय टाइम्स, लोकपत्र, आजको समाचारपत्र, एभरेस्ट हेराल्ड र श्री सगरमाथा दैनिक गरी ५ ब्रोडसिट दैनिक बजारमा आए । यीमध्ये आजको समाचारपत्र नेपाल समाचारपत्रको नाममा र हिमालय टाइम्स पनि निरन्तररूपमा प्रकाशित हुँदै आएका छन् । सगरमाथा, एभरेस्ट हेराल्ड र लोकपत्र डेढ वर्षको अन्तरालमै बन्द भए । यी दैनिक बन्द हुनुपछाडिका मुख्य कारण व्यवस्थापकीय कमजोरी र लगानीको अभाव नै थिए (गौतम र हुमागाईँ, २०६१) ।

२०५२ सालमा सशस्त्र द्वन्द्व सुरू भएपछि मिडिया र पत्रकार राज्य र विद्रोही पक्षबाट प्रताडित हुनुपर्‍यो । तर पनि दैनिक पत्रिकाहरु प्रकाशित हुने क्रम रोकिएन । २०५७ सालमा स्पेसटाइम दैनिक र स्पेसटाइम टुडेको प्रकाशन सुरू भयो । त्यसको अर्को वर्ष राजधानी दैनिकको प्रकाशन सुरू भयो । यसमध्ये स्पेसटाइम र स्पेसटाइम टुडे बन्द भइसकेका छन् । राजधानी दैनिक प्रकाशित हुँदैछ ।

२०५८ साल मङ्सिरमा लागु भएको सङ्कटकाल र २०६१ साल माघ १९ गते राजाले प्रत्यक्ष शासन लिएपछि मिडिया र पत्रकारहरूले व्यापक सङ्कट सामना गर्नुपर्‍यो ।

दि हिमालयन टाइम्स अङ्ग्रेजी दैनिक र अन्नपूर्ण पोस्ट पनि दैनिकरूपमा प्रकाशित छन् । त्यस्तै २०६२/२०६३ को जनआन्दोलनपछि सुरू भएको नागरिक दैनिक प्रकाशित भइरहेको छ भने रिपब्लिका दैनिक अहिले बन्द भएको छ । पछिल्ला केही वर्षमा आर्थिक र व्यापारिक गतिविधि समेटेर राजधानीबाट प्रकाशित भइरहेका कारोबार र आर्थिक अभियान दैनिकले आफूलाई विशिष्टीकृत अखबार (स्पेसलाइज्ड न्युज आउटलेट) का रूपमा परिचित गराएका छन् । २०६६ मङ्सिर ३० गतेबाट नेपालकै पहिलो आर्थिक दैनिक अखबार कारोबार र २०६७ भदौ १८ गतेदेखि आर्थिक अभियान प्रकाशन भइराखेका छन् (आचार्य, २०७०) ।

२०४६ अघि र २०५० को हाराहारीसम्म पनि पाठकमाझ राम्रै प्रभाव जमाएका साप्ताहिक अखबारहरूको बजार र पाठक दुवै घटेको छ । दृष्टि, देशान्तर,

जनआस्थालगायतका साप्ताहिक पत्रिकाहरु प्रकाशित भइरहेका छन् । अनलाइनको बढ्दो प्रभाव र खुम्चिँदो बजारले गर्दा साप्ताहिक पत्रिकाका सञ्चालक र पत्रकारहरु अनलाइनतिर बढी आकर्षित भएका छन् । कुनैबेला म्यागेजिनको बजार निकै थियो भने प्रभाव पनि राम्रो थियो । तर पछिल्लो समय विश्लेषणात्मक सामग्री पस्कने म्यागेजिनको अस्तित्व नै सङ्कटमा परेको छ । कुनै समय हिमाल, नेपालका साथै समय म्यागेजिनको प्रभाव निकै बढी थियो । अहिले नेपाल र समय बन्द भएको छ भने हिमाल पनि बेलाबेलामा बन्द हुँदै पुनः प्रकाशित भएको छ ।

२०४६ सालमा प्रजातन्त्र पुनर्बहाली र २०६२/६३ को जनआन्दोलन, विभिन्न समयमा भएका लोकतान्त्रिक आन्दोलन, सामाजिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका क्षेत्रमा मिडियाको भूमिका महत्वपूर्ण छ । मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था भए पनि प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना भने भइरहेका छन् । नेपाल पत्रकार महासङ्घका अनुसार २०७८ जेठदेखि फागुन पहिलो हप्तासम्म प्रेस स्वतन्त्रता हननका ४७ वटा घटना भएका छन् (नेपाल पत्रकार महासङ्घ, २०७८) ।

विश्वव्यापीरुपमा फैलिएको कोभिडको मारमा सिङ्गो मुलुक पर्‍यो । त्यसको असर मिडिया क्षेत्रमा पनि पर्‍यो । कान्तिपुर दैनिक केही समय डिजिटल भर्सनमा सीमित हुन पुग्यो । राजधानी र उपत्यका बाहिरका कैयौँ पत्रिका केही समय बन्द भए । प्रकाशित पत्रिकाको पनि बजार र आम्दानी खुम्चियो । तथ्यपरक सूचनाले जीवन बचाउन सक्ने र आमसञ्चार माध्यमले नागरिकलाई जनस्वास्थ्यका विषयमा उपलब्ध सही सूचना दिएर सुरक्षाका उपायहरु अपनाउन प्रोत्साहित गर्नुपर्ने बेलामा केही मिडिया बन्द गरिए । सामग्री कम गरिए । र, कोभिड-१९ को जोखिममा रहेर अग्रपङ्क्तिमा काम गरिरहेका पत्रकारलाई हतोत्साही बनाउने घटनासमेत भए । लकडाउन सुरू हुँदा ठूला मानिएका मिडियाहरु पनि केही महिना पनि अस्तित्व जोगाउने गरी तयारी अवस्थामा नरहेको वा रहन नचाहेको देखियो (आचार्य, पाठक र केसी, २०७८)

कोभिडको प्रभाव कम हुँदै गएपछि मिडियाहरु पुनः जुर्मुराउन खोज्दैछन् । प्रेस काउन्सिल नेपालको ४६औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रकाशन दर्ता अभिलेख भएका पत्रिकाको सङ्ख्या ४७८९ छ । त्यसमध्ये ९१९ पत्रिका प्रकाशित हुन्छन् । त्यसमा ६२६ पत्रिका नियमित छन् ।

### पत्रपत्रिका दर्ता

| पत्रपत्रिका | सूचना तथा प्रसारण विभागका अनुसार दर्ता अभिलेख | प्रेस काउन्सिल नेपालका अनुसार प्रकाशन दर्ता अभिलेख |
|---|---|---|
| दैनिक | ७४४ | ७०५ |
| अर्धसाप्ताहिक | ३९ | ३० |
| साप्ताहिक | २९५६ | २८५९ |
| पाक्षिक | ४७६ | ३९९ |
| मासिक | २३४७ | ५९२ |
| द्वैमासिक | ३८४ | ६० |
| त्रैमासिक | ६५० | १०४ |
| अन्य | २७८ | ४० |
| जम्मा | ७८७४ | ४७८९ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## फड्को मार्दै टेलिभिजन

२०४१ सालमा परियोजनाका रूपमा नेपाल टेलिभिजन स्थापना भएको थियो । नेपाल टेलिभिजन नेपालको पहिलो टेलिभिजन च्यानल हो । युएचएफ प्रविधिमा परीक्षण प्रसारण सुरू भएको नेपाल टेलिभिजनको नियमित प्रसारण २०४२ पुस १४ देखि भिएचएफ प्रविधिबाट सुरू भएको थियो (नेपाल टेलिभिजन, २०७८) । टेरिस्टेरियल प्रसारणमा नेपाल टेलिभिजनले २०५८ सालदेखि स्याटलाइटमार्फत प्रसारण सुरू गरेको हो ।

नेपाल टेलिभिजनले एकछत्र राज गरेको १६ वर्षपछि २०५८ असार १९ गतेदेखि स्पेसटाइम नेटवर्क (प्रा).लि.ले च्यानल नेपाल टेलिभिजन सुरू गऱ्यो । त्यसको २ वर्षपछि २०६० असार २९ गतेदेखि कान्तिपुर टेलिभिजन र इमेज च्यानलको प्रसारण सुरू भएको पाइन्छ । करिव २ दशकमा टेलिभिजनको क्षेत्र व्यापक भएको छ । सङ्ख्या, सामग्रीको विविधता र प्रविधिमा नेपाली टेलिभिजनले फड्को मारेका छन् । नेपाल टेलिभिजन, कान्तिपुर टिभी, इमेज च्यानल, एभिन्युज, सगरमाथा टिभी, एबिसी, प्राइम टिभी, न्युज ट्वान्टीफोर, एपिवान, जनता टिभी, हिमालय टिभी, माउन्टेन टिभी, ग्यालक्सी फोरकेलगायतका टेलिभिजन प्रसारणमा छन् । एउटै सञ्चारगृहले धेरैवटा च्यानल प्रसारण गरेका छन् । नेपाल टेलिभिजनअन्तर्गत

५ वटा च्यानल प्रसारणमा छन् । बेलाबेलामा इजाजत पत्र स्वतः रद्द हुने भएकाले तथ्याङ्क घट-बढ हुने गरेको पाइन्छ । २०७८ साल फागुन पहिलो हप्तासम्ममा १६४ वटा टेलिभिजनले इजाजत पाएका छन् ।

## रेडियोको व्यापक नेटवर्क

२००७ सालको क्रान्तिताका राणा विरोधी गतिविधिमा सक्रिय योद्धाहरूले 'प्रजातन्त्र नेपाल रेडियो' पनि सञ्चालन गरेका थिए । तर नियमित कार्यक्रमहरु प्रसारण गर्ने रेडियो स्टेसनको संस्थागत विकास हेर्न नेपालीले २० चैत २००७ कुर्नुपऱ्यो (वन्त, पराजुली, हुमागाईँ, अधिकारी र भट्ट, २०६१) । रेडियो नेपालको स्थापना २००७ साल चैत २० गते भएको हो । तत्कालीन प्रसार विभागअन्तर्गत रहेको रेडियो नेपाल विकास समिति ऐन २०१३ बमोजिम २०४१ साल भदौ १ गते विकास समितिमा परिणत भएको हो । रेडियो नेपाल रेडियो प्रसार सेवा विकास समिति, नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहत सञ्चालन हुँदै आएको छ । रेडियो नेपालको ७ वटा प्रदेशमा प्रादेशिक प्रसारण कार्यालय हुनुका साथै मुलुकको विभिन्न २६ स्थानमा एफएम रिले स्टेसनको माध्यमबाट देशभरि प्रसारण सेवा विस्तार गरेको छ । २४ घण्टा प्रसारण हुने रेडियो नेपालले २१ भाषामा समाचार र २० भाषामा कार्यक्रम प्रसारण गर्दै आएको छ (रेडियो नेपाल, २०७८) ।

रेडियो नेपालले २०५२ सालमा एफएम काठमाडौँ प्रसारण सुरू गऱ्यो । २०५४ साल जेठ ९ गते रेडियो सगरमाथाको परीक्षण प्रसारण सुरू भयो (लुइँटेल र आचार्य, २०६१) । त्यसपछि कान्तिपुर, हिट्सलगायत अन्य एफएम काठमाडौँ उपत्यकामा खुल्न थाले (उप्रेती, २०६५) । पोखरा, विर्तामोड, विराटनगर, इटहरी, हेटौँडा, भरतपुर, पाल्पा, दाङलगायतका ठाउँमा पनि एफएम रेडियो सुरू भयो । एफएम रेडियो प्रसारण सुरू भएको २ दशक भन्दा बढी हुँदा सूचना तथा प्रसारण विभागको रेकर्डमा एफएम प्रसारणका लागि इजाजत पत्र लिनेको नम्बर ११५२ पुगेको छ । केहीको इजाजत स्वतः रद्द भएकाले तथ्याङ्कमा घट-बढ हुने गरेको पाइन्छ । सूचना तथा प्रसारण विभागमा ९३० वटाको व्यवस्थित तथ्याङ्क छ जसमध्ये ५० वटाको इजाजत रद्द भएको छ । त्यसरी हेर्दा ८८० वटा एफएम रेडियो अस्तित्वमा छन् । सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) र ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान) का अनुसार देशभर ६०० एफएम रेडियो प्रसारणमा छन् ।

## अनलाइनको बढ्दो सङ्ख्या

नेपालमा सन् १९९५ देखि अनलाइन पत्रकारिता प्रारम्भ भएको पाइन्छ । नेपालमा कान्तिपुर पब्लिकेसन्सले सन् १९९५ मा दि काठमाडौँ पोस्टका समाचारलाई मर्कन्टायल कम्युनिकेसन र अमेरिकामा पढिरहेका राजेन्द्र श्रेष्ठको सहयोगमा अनलाइनमा राख्दा यो दक्षिण एसियाकै पहिलो प्रयास हुन पुगेको थियो (आचार्य, सन् २००५) । सन् १९९७ मा हिमाल मिडियाले पनि आफ्नो प्रकाशन हिमाल साउथ एसियालाई इन्टरनेटमा उपलब्ध गराउन थालेको थियो (क्षत्री, सन् २००८) । सन् १९९९ नोभेम्बरमा मर्कन्टायलले धेरै नेपाली पत्रपत्रिकाको समाचार राख्ने गरी नेपालन्युज सुरू गरेको थियो । ७ वटा दैनिक र साप्ताहिक पत्रपत्रिकालाई साउथ एसिया डटकम नामबाट राख्न थालेको केही समयपछि नै त्यसको नाम नेपालन्युज भएको थियो (आचार्य, २०७०) ।

नेपालन्युजमार्फत अनलाइनमा प्रवेश गरेको कान्तिपुर पब्लिकेसन्सले सन् २००० मा कान्तिपुर अनलाइन डटकम सुरू गर्‍यो । त्यसपछि बिस्तारै दैनिक पत्रिकाहरु अनलाइनतर्फ आफैँ प्रवेश गर्न थाले । सन् २००२ मा कामना प्रकाशनले न्युज अफ नेपाल सुरू गर्‍यो । सुरूमा अनलाइनहरु छापा माध्यमका अर्काइभ जस्ता थिए । छापा माध्यममा आएका सामग्रीहरु राख्ने गर्थे । विस्तारै आफ्नै संवाददाता राख्ने र छापामा आए भन्दा भिन्न र नयाँ सामग्रीहरु राख्ने क्रम सुरू भयो । अनलाइन पत्रकारिताको विकासका क्रममा प्रकाशन गृह नभई स्वतन्त्ररूपमा समाचार पोर्टलहरु प्रारम्भ हुन थाल्यो (देवकोटा, २०७३) । सन् २००८ को अन्त्यतिर २ ठूला दैनिक को तयारी गरिरहेको धुम्बाराही प्रकाशन गृहले दैनिकी डटकम र माइ रिपब्लिका डटकम सुरू गरेर नेपाली अनलाइन पत्रकारितामा नयाँ कोशे ढुङ्गा थप्यो (आचार्य, २०७०) । त्यसपछि अनलाइनको सङ्ख्या बढ्दै गएको पाइन्छ । नेपालमा अनलाइन पत्रकारिता सुरू भएको साढे २ दशकमा प्रेस काउन्सिल नेपालमा सूचीकरण भएका अनलाइनको सङ्ख्या ३१२० पुगेको छ ।

## सेवा विस्तार गर्दै समाचार समिति

नेपालमा समाचार समितिको इतिहास ६ दशक भन्दा बढीको छ । २०१६ साल पुसमा निजी क्षेत्रको पहलमा नेपाल संवाद समिति स्थापना भएको पाइन्छ । त्यसको १ वर्षपछि २०१७ साल वैशाखमा सगरमाथा संवाद समिति स्थापना भएको थियो । २ वटा समाचार समितिलाई एकीकरण गरी २०१८ साल फागुन ७ गते सरकार मातहत राष्ट्रिय समाचार समिति स्थापना गरिएको हो (रासस, २०७८) ।

राससका अनुसार ३ सय भन्दा बढी पत्रपत्रिका, अनलाइन, रेडियो र टेलिभिजन राससका ग्राहक छन् । राससले समाचार, फिचर, तस्बिरलगायतका सामग्री मिडियालाई उपलब्ध गराउँछ ।

निजी क्षेत्रबाट स्थापना गरिएको मल्टिमिडियामा आधारित न्युज एजेन्सी नेपालले ८६ वटा मिडियालाई कन्टेन्ट, भिडियो, अडियो र तस्बिर उपलब्ध गराउँछ । यसैगरी हिमालयन टेलिभ्वाइस न्युज एजेन्सीले १०० वटा मिडियालाई समाचार र भिडियो उपलब्ध गराउँछ । न्युज कारखाना, नेपाल न्युज बैङ्कलगायतले पनि मिडियालाई सामग्री उपलब्ध गराउन थालेका छन् । निजी क्षेत्रका समाचार समिति तथा न्युज एजेन्सीले गर्दा घटनामा आधारित र समय सान्दर्भिक सामग्रीहरु छिटो प्राप्त गर्न र लाइभ प्रसारण गर्न मिडियाहरूलाई थप सहज भएको छ ।

## एकतिहाइ पत्रकार छापा माध्यममा

नेपाल पत्रकार महासङ्घ पत्रकारहरूको छाता सङ्गठन हो । मुलुकका अधिकांश पत्रकारले नेपाल पत्रकार महासङ्घको सदस्यता लिएका छन् । सूचना तथा प्रसारण विभागबाट पत्रकारहरूले प्रेस पास लिने गरेका छन् । स्वतन्त्र पत्रकारका रूपमा पनि पत्रकारले प्रेस पास बनाउन सक्छन् । मुलुक सङ्घीयतामा गएपछि वाग्मती सञ्चार रजिस्ट्रार कार्यालयले पनि पत्रकारलाई प्रेस पास उपलब्ध गराएको छ । सरकारी निकायबाट प्रेस पास नलिइकन र पत्रकार महासङ्घको सदस्यता नलिइकन पनि सञ्चारगृहमा काम गर्ने पत्रकार छन् । नेपाल पत्रकार महासङ्घबाट सदस्यता लिने पत्रकारको सङ्ख्या १३०७७ पुगेको छ (नेपाल पत्रकार महासङ्घ, २०७८) ।

| प्रदेश | पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन | पत्रकार |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ५२९ | १४९ | ६ | २१६ | १६१२ |
| मधेस प्रदेश | ७१० | ११६ | १२ | १५९ | ७९९ |
| वाग्मती प्रदेश | २६५७ | १८३ | १०१ | २११० | ५७७६ |
| गण्डकी प्रदेश | २८० | ११० | १८ | २१३ | १०१३ |
| लुम्बिनी प्रदेश | ३२० | १५२ | २३ | २३४ | १८०६ |
| कर्णाली प्रदेश | ८५ | ५७ | ३ | ९१ | ८५९ |
| सुदूरपश्चिम प्रदेश | २०८ | ११३ | १ | ९७ | १२१२ |
| जम्मा | ४७८९* | ८८० | १६४ | ३१२० | १३०७७ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

** प्रेस काउन्सिल नेपालले पूर्वी रुकुम र पश्चिम रुकुम एवं नवलपुर र परासी अलग अलग प्रदेशमा नराखी नवलपरासीलाई लुम्बिनी प्रदेशमा र रुकुमलाई कर्णाली प्रदेशमा राखी पत्रपत्रिकाको तथ्याङ्क प्रस्तुत गरेकाले यहाँ पनि सोहीअनुसारको तथ्याङ्क प्रयोग गरिएको छ ।*

## नेपाली मिडियाका केही मुद्दा

नेपालको मिडिया क्षेत्रमा चुनौती र अवसर दुवै छन् । गुणस्तरीयता, निरन्तरता, व्यावसायिकता र विश्वसनीयता मुख्य चुनौतीका रूपमा देखिन्छन् । गुणस्तरीय सामग्री, आकर्षक प्रस्तुति, आधुनिक प्रविधि, बजारीकरण, दक्ष जनशक्ति, व्यावसायिकता, स्पष्ट कार्ययोजना र त्यसलाई कार्यान्वयन गर्ने सक्षम र गतिशील नेतृत्वले अवसर सिर्जना गर्छ । ३ दशकअघि र अहिलेको अवस्था तुलना गरेर हेर्दा मिडियाका धेरै पक्षमा सुधार भएकामा द्विविधा छैन । तर त्यसको एकिन अवस्था पहिचानका लागि भने थप अनुसन्धान आवश्यक पर्छ ।

मिडिया, पत्रकार र पत्रकारिताका कलेज तथा विश्वविद्यालय बढेका छन् । मिडियाको सङ्ख्या बढ्दा लगानी बढ्न पुग्छ भने यसले रोजगारी, बजार, पहुँच, सामग्रीको विविधतालगायतमा सहयोग पुऱ्याउँछ । पत्रकारिताका कलेज तथा विश्वविद्यालयहरू बढ्दा दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्छ । केन्द्रबाट प्रकाशित हुने केही दैनिक पत्रिकाहरू प्रादेशिक तहमा पनि प्रकाशित हुन्छन् । यसले पहुँचलाई सहज बनाएको छ । प्रदेश र स्थानीय तहमा प्रकाशित हुने पत्रिकाहरूले

पनि प्रादेशिक र स्थानीय मुद्दा उठानमा सहज वातावरण सिर्जना गरेका छन् । टेरेस्टेरियल प्रविधिबाट टेलिभिजनहरु स्याटेलाइट प्रविधिमा गएका छन् जसले गर्दा स्वदेश तथा विदेशका विभिन्न ठाउँबाट टेलिभिजन हेर्न सहज भएको छ । रेडियो नेपालले रिले स्टेसनबाट प्रसारणको क्षेत्र विस्तार गरेको छ भने एफएम रेडियोहरु गाउँसम्म पुगेका छन् । समाचारका लागि कुर्नुपर्ने अवस्था अनलाइनका कारण विगत भइसकेको छ । पत्रपत्रिका, रेडियो र टिभीको इन्टरनेट यात्राले छिटो हुनुका साथै पहुँच विस्तार भएको छ । जनतामा मिडियाको पहुँच पुगेको छ भने सामग्रीमा विविधता छ । त्यतिमात्र नभएर भाषिक विविधता पनि पाइन्छ ।

मुलुक सङ्घीयतामा गइसकेपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा मिडियाका कानुनहरु बन्ने क्रममा छन् । समय सान्दर्भिक कानुन बनाएर सङ्घको मात्र होइन, प्रदेश र स्थानीय तहको मिडियाको विकास र प्रवर्द्धनका लागि सहयोग गर्ने, प्रादेशिक र स्थानीय चरित्र झल्काउने अवसर पनि सिर्जना भएको छ । स्थानीय, प्रादेशिक र सङ्घीय सरकारले आ–आफनो दायराभित्र रहेर मिडिया कानुन बनाउन थालेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ वमोजिम स्थानीय कानुन बनाउने अधिकार प्रयोग गरी विभिन्न स्थानीय तहको गाउँ सभा र नगर सभाबाट एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि/ऐन पारित गरिएको हो (स्थानीय तहको मिडिया नीति तथा कानुन, २०७६) । त्यस्तै विभिन्न प्रदेशले पनि मिडियासम्बन्धी कानुनहरु निर्माण गरेका छन् ।

मिडिया र पत्रकारलाई ३ तहका सरकारसँग आफ्ना हक अधिकारका कुरा गर्नुका साथै व्यावसायिक मर्यादाभित्र रहेर सहकार्य गर्ने अवसर पनि प्राप्त भएको छ । समस्या नभएका होइनन् तर मिडिया साक्षरता पनि बढेको छ । पत्रकारिता गरिरहेका मिडियामात्र होइन, सोसल मिडियाप्रति सजग हुने वा गराउने प्रयास पनि बढेको पाइन्छ । यसले पत्रकारिता गरिरहेका मूलधारका मिडियालाई पनि सहयोग पुगेको छ । पत्रकारहरूले आफ्ना अधिकारप्रति पनि आवाज उठाउने क्रम बढ्दो छ । प्रेस स्वतन्त्रता हनन र व्यावसायिक मर्यादाका कामहरु गर्दा आउन सक्ने धम्की तथा चेतावनीको मात्र होइन, सञ्चार गृहले गर्ने व्यवहारलाई लिएर नेपाल पत्रकार महासङ्घलगायतमा आफ्ना कुरा भन्न सक्ने अवस्था पनि सिर्जना भएको छ । मिडियामा समावेशिताको कुरामात्र होइन, नीतिगत तहमा पुग्नका लागि प्रयासहरु पनि भइरहेका छन् । मिडियाबारे अध्ययन र अनुसन्धान हुने क्रम पनि बढेको छ ।

यसरी समग्र पक्ष नियाल्दा मिडियामा थप अवसर सिर्जना भएको पाइन्छ । तर अवसरका साथसाथै मिडियामा चुनौती पनि थपिएका छन् । र, केही गम्भीर प्रश्न तथा मुद्दा पनि उठेका छन् । मिडिया बढेअनुसार विज्ञापनको मात्रा बढेको छ कि छैन ? मिडिया र पत्रकारहरु आर्थिकरूपले सक्षम भएका छन् कि छैनन्? निरन्तरता दिन सक्छन् कि सक्दैनन् ? पत्रकारिताको व्यावसायिकता र गुणस्तरीयता के/कति बढेको छ ? मिडियाहरूबीच स्वस्थ प्रतिस्पर्धा छ कि छैन ? पत्रकारहरूको क्षमता अभिवृद्धि भएको छ कि छैन ? मिडियाहरूले आधुनिक प्रविधिको समुचित फाइदा लिन सकेका छन् कि छैनन् ? मिडिया र पत्रकारहरु आचारसंहिता पालनामा गम्भीर छन् कि छैनन् ? स्वनियमनतिर ध्यान पुऱ्याएका छन् कि छैनन् ? समाचार शाखाहरु बजारीकरणको चेपुवामा परेका छन् कि छैनन् ? यी प्रश्न ज्वलन्तरूपमा उठ्ने गरेका छन् ।

धेरै पत्रकार प्रत्यक्ष वा परोक्षरूपमा राजनीतिलगायत विभिन्न क्षेत्रमा आबद्ध भएका अवस्था छ । साप्ताहिक पत्रिकामा कार्यरत ५२ प्रतिशत पत्रकारहरु स्वयंले आफू कुनै न कुनै राजनीतिक दलको सदस्य रहेको बताएका छन् (पाठक, सन् २००७) । दैनिक पत्रिकामा कार्यरत ८५ प्रतिशत पत्रकारले आफू कुनै विशेष राजनीतिक दलको निकट रहेको बताए (केसी, सन् २०१४) । यसरी पत्रकारहरु राजनीतिक दलको सदस्य हुँदा होस् वा निकट हुँदा नै किन नहोस्, त्यसले द्वन्द्वको स्वार्थ हुन्छ कि हुँदैन ? यस्तै सञ्चालकहरूको पनि विभिन्न क्षेत्रमा लगानी छ ? त्यसको प्रभाव मिडियामा परेका छन् कि छैनन् ? यसको वास्तविकता पहिचान गरी न्यूनीकरण गर्न पनि चुनौतीपूर्ण देखिन्छ । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले मिडियासँग सम्बन्धित केही कानुन ल्याएका छन् भने केही ल्याउने प्रयासमा छन् । ती कानुन मिडियामैत्री छन् कि छैनन् ? स्वतन्त्रता र नियमनबीच तादात्म्यता छ कि छैन ? प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक व्यवस्थाको कार्यान्वयन सुनिश्चित छ कि छैन ? यक्ष प्रश्न कायमै छन् । त्यसैगरी सङ्घीय संरचनामा गइसकेपछि पनि प्रदेश र स्थानीय तहमा केन्द्रीय मिडियाको प्रभुत्व कायम छ कि छैन ? प्रादेशिक तथा स्थानीय मिडियालाई प्रोत्साहन गर्ने नीति निर्माणमा ध्यान पुगेको छ कि छैन ? जस्ता सवाल पनि छन् ।

मिडियामा थप समावेशीकरण कसरी गर्ने ? नीतिगत तहमा थप महिलालाई कसरी पुऱ्याउने ? मिडियाको वर्गीकरणलाई कसरी प्रभावकारी बनाउने ? पत्रकारिताका


कलेज तथा विश्वविद्यालयलाई कसरी प्रोत्साहन गरेर गुणस्तरीयता सुनिश्चित गर्ने ? मिडियामा स्वदेशी तथा विदेशी लगानी कसरी व्यवस्थित गर्ने ? एउटा मिडिया हाउसले कतिवटासम्म मिडिया चलाउने ? विज्ञापन नीतिलाई कसरी प्रभावकारी बनाउने ? सबै नागरिकमा मिडियाको पहुँच कसरी पुऱ्याउने ? पत्रकारिताको विश्वसनीयतालाई कसरी कायम राख्ने ? लगायतका प्रश्न पनि उठ्ने गरेका छन् । छापा माध्यम, अनलाइन, रेडियो र टेलिभिजन एकअर्काका परिपुरक हुन् कि प्रतिस्पर्धी ? अहिले एकअर्काको प्रभाव के/कस्तो परेको छ र भविष्यमा के हुन सक्छ? विगत लामो समयदेखि प्रभाव जमाउँदै आएको छापा माध्यमको भविष्य के हुन्छ? मल्टिमिडियाका कारण रेडियो र टेलिभिजनको भविष्य कस्तो हुन्छ ? नागरिक पत्रकारिताको भूमिका के हुन्छ ? मूलधारका मिडियालाई सोसल मिडियाले सहयोग गर्छ कि गर्दैन ? पत्रकारिता क्षेत्रमा भइरहेका जनशक्तिलाई कसरी टिकाउने? नयाँ जनशक्ति कसरी ल्याउने ? श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन कसरी प्रभावकारी तुल्याउने ? यीलगायतका विषय बहसका रूपमा छन् । विश्वव्यापीरूपमा फैलिएको कारोना महामारीबाट मिडिया र पत्रकारहरू आर्थिकरूपले सङ्कटमा परे । सञ्चारगृहको कार्यशैलीमा व्यापक परिवर्तन आयो । कोभिडले पारेको प्रभावबाट पूर्णरूपमा मुक्त भएर गुणस्तरीय र व्यावसायिक पत्रकारिता पस्किनु निकै नै चुनौतीपूर्ण देखिन्छ ।

## प्रदेश नं. १ः


# छापा माध्यमकै दबदबा

# प्रदेश १ मा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| ५२९ | १४९ | ६ | २१६ |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| ९९ | ४ | ३३७ | ४५ | २७ | ५ | ९ | ३ |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| ५२९ | ११२ | ७२ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| १६१२ | १२७१ | ३४१ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# प्रदेश १ मा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
|---|---|---|---|---|
| सङ्खुवासभा | २ | ९ | ० | २० |
| भोजपुर | ३ | ३ | ० | ४ |
| धनकुटा | ३ | ७ | ० | ९ |
| सोलुखुम्बु | ३ | ९ | ० | २ |
| तेह्रथुम | २ | ५ | ० | ८ |
| ओखलढुङ्गा | ४ | ८ | ० | ९ |
| ताप्लेजुङ | ३ | ३ | ० | १० |
| उदयपुर | १२ | ८ | ० | ३६ |
| पाँचथर | ९ | ६ | ० | १९ |
| खोटाङ | १० | ४ | ० | १७ |
| इलाम | १० | ११ | ० | २४ |
| सुनसरी | ४६ | २५ | ३ | ११० |
| झापा | ६६ | २३ | २ | ९१ |
| मोरङ | ४३ | २८ | १ | १७० |



*स्रोत : प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभाग*

प्रदेश नं. १ मा १४ वटा जिल्ला छन्– झापा, पाँचथर, इलाम, ताप्लेजुङ, मोरङ, सुनसरी, सोलुखुम्बु, ओखलढुङ्गा, सङ्खुवासभा, उदयपुर, तेह्रथुम, धनकुटा, खोटाङ र भोजपुर । यसमध्ये झापाबाट प्रदेश नं. १ मा पत्रपत्रिका प्रकाशनको इतिहास सुरू भएको पाइन्छ । २००७ सालमा प्रजातन्त्र उदय भएपछि अन्यत्रझैँ झापामा पनि पत्रकारिताको खाँचो महसुस भइरहेको अवस्थामा २०१० साल मङ्सिर १२ गते श्यामकृष्ण उपाध्यायको सम्पादनमा भद्रपुरबाट केटो भन्ने पहिलो मासिक पत्रिकाको प्रकाशन आरम्भ भएको थियो (न्यौपाने, २०५८) ।

समाचारमूलक सामग्री समेटिएको अखबार पहिलोपटक २०१२ सालमा विराटनगरबाट सुरू भएको थियो । त्यो पत्रिकाको नाम हुरी साप्ताहिक थियो । हदराज बोहराको नेतृत्वमा प्रकाशन आरम्भ भएको यो साप्ताहिकमा तारिणीप्रसाद कोइरालालगायतको सक्रिय सहभागिता थियो । दैनिक अखबारका रूपमा २०१४ साल मङ्सिर १ देखि विराटनगरबाटै प्रकाशन आरम्भ भएको फिलिङ्गो पूर्वकै पहिलो दैनिक पत्रिका हो । यो कमलप्रसाद घिमिरेको सम्पादकत्वमा सुरू भएको थियो ।

२०१५ सालमा संसदीय निर्वाचन सम्पन्न भएपछि पत्रपत्रिका प्रकाशनमा उत्साहजनक अवस्था देखापरेको थियो । झापाका पत्रकार नकुल काजीका अनुसार त्यसबेला काठमाडौँबाहेक नेपाली भाषा साहित्यको अर्को केन्द्र थियो– दार्जिलिङ । त्यहाँको कला/साहित्यको प्रभावले सीमावर्ती नेपाली भूभागहरू झापा, मोरङ, इलामलाई सकारात्मक ऊर्जा दिएको थियो । त्यसैको आलोकमा यी जिल्लामा लेखन-पत्रकारिताको बलियो जग बस्दै थियो । त्यसबेला झापाबाट हिजोआज दैनिक, युवक, विवेचना, शनिबार जस्ता साप्ताहिक अखबारहरू सुरू भए भने विराटनगरबाट २०१७ सालमा घटना दैनिक, हिन्दी भाषाको राजहंस साप्ताहिक, जनमत, जनवार्तालगायतका साप्ताहिक पत्रिका पनि प्रकाशन भए ।

पञ्चायती व्यवस्थाका बेला झापामा विभिन्न पत्रिका प्रकाशित भए । भवानीप्रसाद घिमिरेको सम्पादनमा भानु त्रैमासिक (२०२०), जिल्ला पञ्चायतको मुखपत्र पञ्चायत मासिक (२०२०), भद्रपुर नगरपञ्चायतको मुखपत्र मेची सन्देश पाक्षिक (२०२३), श्यामकृष्ण उपाध्यायको सम्पादनमा आलोक पाक्षिक (२०२५), अज्ञात सम्पादक/प्रकाशक रहेको पञ्चामृत मासिक (२०२५), वसन्तकुमार खड्काको सम्पादनमा सूर्योदय साप्ताहिक (२०२५), चूडामणि रेग्मीको सम्पादनमा युगज्ञान साप्ताहिक (२०३६), डिल्लीराम निर्भिकको सम्पादनमा सिद्धार्थ पाक्षिक (२०२९), नकुल काजीको सम्पादनमा विवेचना साप्ताहिक (२०२९), डिल्लीराम निर्भिकको सम्पादनमा सेवा सुश्रुषा द्वैमासिक (२०३५), मदन ढकालको सम्पादनमा विश्वदीप मासिक (२०३६) पत्रपत्रिका कानुनीरूपमा दर्ता भई प्रकाशनमा आए । यसै चरणमा प्रकाशन भएका केही साहित्यिक पत्रपत्रिकाहरू चूडामणि रेग्मीको सम्पादनमा मोति (२०२३), आह्वान (२०३६), चन्द्र गुरूङको सम्पादनमा न्यु लाइट (२०२७) जस्ता साहित्यिक पत्रिकाहरू सरकारी स्वीकृति नलिइ प्रकाशित भएका पाइन्छन् (अधिकारी, सन् २०२०) ।

त्यतिखेर प्रकाशित भएका साप्ताहिक अखबारहरू कि पञ्चायतको स्तुतिमा मग्न थिए कि मिसनसहित आएका राजनीतिक दलहरूको मुखपत्र जस्ता थिए । तर पञ्चायतइतरका अखबारहरू कतै दर्ता थिएनन् । केही अपवादलाई छाडेर प्राथमिककालीन झापाका अधिकांश पत्रपत्रिकाले तत्कालीन पञ्चायती राजनीतिक प्रणाली र शक्तिकेन्द्रहरूको पक्षपोषण गर्दथे (न्यौपाने, २०५८) ।

उदयपुरका पत्रकार कौशल चेम्जोङका अनुसार त्यसबेला मिसनसहितका पत्रिका निकाल्दै पत्रकार भाग्दै गर्नुपर्ने अवस्था पनि थियो । उदयपुरमा २०४२ मा

पहिलोपटक 'त्रियुगा बोल्छिन्' भन्ने मासिक अखबार प्रकाशन भएको थियो । त्यसपछि २०४८ सालताका ऋतुवर्ण पराजुली, कौशल चेम्जोङ, बद्री काफ्ले, धनकुमार श्रेष्ठलगायतले त्रियुगा साप्ताहिकको प्रकाशन सुरू गरेका थिए ।

२०४० सालमा डिल्लीराम निर्भिकले सुरू गरेको हिजोआज दैनिक झापामा लगभग पञ्चायतको मुखपत्र जस्तै थियो । विराटनगरबाट प्रकाशित हुने पुष्पाञ्जली साप्ताहिकमा कैदीको चिठी भनेर आन्दोलनकारीका केही सामग्री प्रकाशित हुन्थे । तत्कालीन पूर्वाञ्चलको पत्रपत्रिकाको केन्द्र विराटनगर र झापा नै थिए । तर बहुसङ्ख्यक अखबार पञ्चायतकै प्रशंसामा केन्द्रित थिए । पञ्चायती व्यवस्थाबारे आलोचनात्मकरूपमा छापिने सामग्रीहरूको सर्वथा खडेरी थियो । आक्कलझुक्कल छद्म नाममा केही सामग्री आइहाले पनि प्रशासनले दुःख दिने डरले ती प्रकाशित नै हुँदैनथे ।

२०४६ पछि पूर्वमा प्रकाशनको लहर चलेको देखिन्छ । झापा, मोरङ र सुनसरीमा सबै भन्दा धेरै अखबार प्रकाशन भएको देखिन्छ । धरानको ब्लास्ट टाइम्स दैनिक पूर्वकै पहिलो अखबार हो जसले प्रारम्भदेखि नै ठूलो बजार ओगट्यो र प्रभाव छाड्यो । पूर्वका धेरै जिल्लामा ५० को दशकभरि पत्रिका भनेकै ब्लास्ट भन्ने छाप थियो । झापामा झापा एक्सप्रेस, विवेचना, पूर्वाञ्चल जस्ता दैनिक अखबारहरु बजारमा आए जसमध्ये अहिले विवेचना र पूर्वाञ्चल मात्रै अस्तित्वमा छन् । झापामा यी २ अखबारको दबदबा लामै समय रह्यो । २०५९ मा राजा ज्ञानेन्द्रले शासनसत्ता हातमा लिएर अघि बढेपछि यी दुवै दैनिक तत्कालीन शाही सत्ता र माओवादी विद्रोहीको चेपुवामा परेका थिए । विराटनगरमा मोहन भण्डारीको नेतृत्वमा उद्घोष दैनिक, नरेश बरालको नेतृत्वमा विराट नेसनल टाइम्स साप्ताहिक, अच्युत वाग्लेको नेतृत्वमा श्री देउराली दैनिक प्रारम्भ भए । तर एक/डेढ वर्ष भन्दा बढी कुनै पनि पत्रिका टिकेनन् । २०६२/६३ को जनआन्दोलनसँगै पुनः प्रकाशन भएको उद्घोष अहिले पनि प्रकाशन भइरहेको छ ।

प्रदेश १ मा हाल सञ्चालनमा रहेका मिडियाहरूमध्ये केही छापाको प्रभाव राम्रै छ । धरानबाट प्रकाशित हुने ब्लास्ट टाइम्स दैनिक प्रदेशभर प्रभाव जमाउन सफल दैनिक हो । यसबाहेक अरु दैनिक अखबारहरु कि जिल्लामा कि आफ्नो शहरमा (जहाँबाट प्रकाशित हुन्छन्, त्यहीँमात्रै ) सीमित छन् । विराटनगरको उद्घोष दैनिक र न्यु सृष्टि दैनिक अनि झापा दमकको पूर्व सन्देश दैनिक यसका

उदाहरण हुन् । उद्घोष र न्यु सृष्टि विराटनगरमा मात्रै केन्द्रित छन् भने पूर्व सन्देश दमकमा मात्रै । यीबाहेक ताप्लेजुङको उज्यालो पोस्ट दैनिक, पाँचथरको फिदिम टुडे, इलामको इलाम पोस्ट र इलाम एक्सप्रेस, झापाको पूर्वाञ्चल, प्रतिदिन, जन-संसद्, मोरङका वेतना र राष्ट्रिय समाचारपत्र, सुनसरीको प्रतिक्षण, वर्णमाला, औजार दैनिक मुख्य अखबार हुन् । साप्ताहिक अखबारहरूको उपस्थिति त्यति सशक्त देखिँदैन । प्रेस काउन्सिल नेपालको ४६ औँ वार्षिक प्रतिवेदनअनुसार प्रदेश नं. १ का जिल्लाहरूमा ५२९ वटा पत्रिकाको दर्ता अभिलेख छ । त्यसमध्ये नियमित प्रकाशित पत्रिकाको सङ्ख्या ७२ छ ।

**प्रदेश नं. १ का जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| इलाम | ४ | ० | १७ | २ | १ | ० | ० | ० | २४ |
| उदयपुर | ७ | ० | २४ | २ | २ | ० | १ | ० | ३६ |
| ओखलढुङ्गा | ० | ० | ६ | १ | १ | ० | १ | ० | ९ |
| खोटाङ | १ | ० | ६ | ८ | १ | ० | १ | ० | १७ |
| झापा | २१ | १ | ५७ | २ | ७ | १ | १ | १ | ९१ |
| ताप्लेजुङ | १ | १ | ६ | १ | ० | ० | १ | ० | १० |
| तेह्रथुम | ० | ० | ७ | ० | ० | ० | १ | ० | ८ |
| धनकुटा | ० | ० | ७ | १ | १ | ० | ० | ० | ९ |
| पाँचथर | १ | ० | १६ | ० | १ | १ | ० | ० | १९ |
| भोजपुर | ० | ० | ४ | ० | ० | ० | ० | ० | ४ |
| मोरङ | ४२ | ० | ९७ | २० | ७ | १ | २ | १ | १७० |
| सङ्खुवासभा | ० | ० | १४ | ५ | १ | ० | ० | ० | २० |
| सुनसरी | २२ | २ | ७४ | ३ | ५ | २ | १ | १ | ११० |
| सोलुखुम्बु | ० | ० | २ | ० | ० | ० | ० | ० | २ |
| जम्मा | ९९ | ४ | ३३७ | ४५ | २७ | ५ | ९ | ३ | ५२९ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## एफएफ रेडियोका दुई दशक

प्रदेश नं. १ मा २०५७ माघ १ गते विराटनगरबाट कोसी एफएम सुरू भएको पाइन्छ । २०५८ साल असोज २९ मा इटहरीबाट सप्तकोसी एफएम सुरू भयो । त्यसअघि कान्तिपुर एफएमले भेडेटारबाट काठमाडौँको कार्यक्रम पूर्वमा बजाउन थालेको थियो ।

विराटनगरपछि विस्तारै विभिन्न जिल्लामा एफएम रेडियोको प्रसारण हुन थाल्यो । कञ्चनजङ्घा एफएमले २०६० सालबाट राजवंशी भाषामा समाचार प्रसारण प्रारम्भ गर्न थाल्यो (अधिकारी, सन् २०२०) । प्रदेशमा रेडियोको सङ्ख्या धेरै नै छ । झापाको कञ्चनजङ्घा, भिजन, सप्तरङ्गी, पाथिभरा, साथी, इलामको नेपालवाणी र इलाम एफएम, पाँचथरको मितेरी, ताप्लेजुङको तमोर, सङ्खुवासभाको खाँदबारी एफएम, तेह्रथुमको रेडियो मेन्छ्याम, धनकुटाको मकालु र लालीगुराँस, ओखलढुङ्गाको भिजन रेडियोले समुदायमा राम्रो प्रभाव पारेका छन् । यस्तै रेडियो रमाइलो, सोलुखुम्बुको सोलु एफएम, भोजपुरको रेडियो उन्नति, सुनसरीमा सप्तकोसी, गणतन्त्र रेडियो, रेडियो धरान, इनरूवाको पपुलर एफएम, मोरङका वेतना, बिएफएम, रेडियो पूर्वेली, पूर्वाञ्चल एफएम, उदयपुरको रेडियो उदयपुर, कटारीको समावेशी रेडियोलगायतका एफएम रेडियोहरू स्थानीयबीच लोकप्रिय छन् । प्रदेश १ मा १४९ एफएमले इजाजत लिएका छन् ।

### जिल्लागत आधारमा एफएम रेडियो

| जिल्ला | एफएम रेडियो |
|---|---|
| इलाम | ११ |
| उदयपुर | ८ |
| ओखलढुङ्गा | ८ |
| खोटाङ | ४ |
| झापा | २३ |
| ताप्लेजुङ | ३ |
| तेह्रथुम | ५ |
| धनकुटा | ७ |
| पाँचथर | ६ |
| भोजपुर | ३ |
| मोरङ | २८ |
| सङ्खुवासभा | ९ |
| सुनसरी | २५ |
| सोलुखुम्बु | ९ |
| जम्मा | १४९ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## आधा दर्जन टेलिभिजनको सेवा

प्रदेश नं. १ मा राष्ट्रिय टेलिभिजनको पहुँच राम्रै छ । त्यस अतिरिक्त स्थानीय तहबाट पनि टेलिभिजन प्रसारणको पहल भएको पाइन्छ । टेलिभिजनहरूमा विराटनगरको मकालु, दमकको हिमशिखर, बिर्तामोडको सूर्योदय, इटहरीको एरिना र विराट छन् । सुनसरीमा नेपाल टेलिभिजनको इटहरी प्रसारण छ । प्रदेश नं. १ मा इजाजत लिएका टेलिभिजनको सङ्ख्या ६ छ ।

### जिल्लागत आधारमा टेलिभिजन

| जिल्ला | टेलिभिजन |
|---|---|
| इलाम | ० |
| उदयपुर | ० |
| ओखलढुङ्गा | ० |
| खोटाङ | ० |
| झापा | २ |
| ताप्लेजुङ | ० |
| तेह्रथुम | ० |
| धनकुटा | ० |
| पाँचथर | ० |
| भोजपुर | ० |
| मोरङ | १ |
| सङ्खुवासभा | ० |
| सुनसरी | ३ |
| सोलुखुम्बु | ० |
| जम्मा | ६ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## आधाभन्दा बढी अनलाइन झापा र मोरङमा

प्रदेश नं. १ मा अनलाइन खोल्ने क्रम बढेको छ । पत्रिकाहरु पनि अनलाइनमा प्रवेश गरेका छन् । अनलाइन मात्रै खुल्ने क्रम पनि जारी छ । सबै भन्दा बढी झापा जिल्लाका अनलाइन सूचीकरण भएका छन् ।

प्रदेश नं. १ का अनलाइन न्युज पोर्टलहरुमा कोसी अनलाइन, हाम्रो मत डटकम, लाइट नेपाल, प्रदेश पोर्टल, फलैँचा न्युज, कपुरी न्युज, सजिलो खबर, साझा मञ्च, लोकतन्त्र पोस्टलगायत छन् ।

## जिल्लागत आधारमा अनलाइन

| जिल्ला | अनलाइन |
|---|---|
| इलाम | १० |
| उदयपुर | १२ |
| ओखलढुङ्गा | ४ |
| खोटाङ | १० |
| झापा | ६६ |
| ताप्लेजुङ | ३ |
| तेह्रथुम | २ |
| धनकुटा | ३ |
| पाँचथर | ९ |
| भोजपुर | ३ |
| मोरङ | ४३ |
| सङ्खुवासभा | २ |
| सुनसरी | ४६ |
| सोलुखुम्बु | ३ |
| जम्मा | २१६ |


*स्रोत : प्रेस काउन्सिल नेपाल*

## मधेस प्रदेश :


# व्यावसायिकता बढाउने चुनौती

# मधेस प्रदेशमा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| ७१० | ११६ | १२ | १५९ |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| १३८ | २ | ५०२ | ४५ | १९ | २ | २ | ० |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| ७१० | १८७ | १३६ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| ७९९ | ६९२ | १०७ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# मधेश प्रदेशमा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
|---|---|---|---|---|
| रौतहट | ४० | १६ | १ | ३४ |
| पर्सा | ४४ | २१ | ४ | २४५ |
| बारा | २० | १८ | ० | ४७ |
| सर्लाही | ३ | ११ | ० | ३७ |
| महोत्तरी | ९ | १३ | ० | ३० |
| सिरहा | ६ | १५ | १ | ४४ |
| सप्तरी | १३ | १० | ० | ९५ |
| धनुषा | २४ | १२ | ६ | १७८ |



*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

मधेस प्रदेशमा ८ वटा जिल्ला पर्छन्– पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी । मधेसमा छापा माध्यम, एफएम रेडियो, टेलिभिजन र अनलाइन माध्यम सञ्चालनमा छन् ।

मधेस प्रदेशमा छापा माध्यमको कुरा गर्दा २००८ सालदेखि वीरगन्जबाट पत्रिका प्रकाशित भएको पाइन्छ । त्यतिबेला श्यामप्रसाद शर्माले सेवा नामको पत्रिका प्रकाशन गरेका थिए । २०१० सालमा जनमत साप्ताहिक पत्रिका प्रकाशित भएको थियो । त्यसपछि बिगुल र जनजीवन पत्रिका प्रकाशित भएको पाइन्छ । २०१३ सालमा गोपालचन्द्र गौतमको सम्पादनमा जुनेली पत्रिका प्रकाशित भएको देखिन्छ (चन्द्रकिशोर, २०५८) ।

२०२२ सालमा माधव आचार्यले जनकपुरबाट जनआकाङ्क्षा पत्रिका प्रकाशनमा ल्याएको पाइन्छ । यो पत्रिका प्रजातान्त्रिक विचारबाट प्रभावित थियो । उन (आचार्य) को कलमको मसीले प्रजातन्त्रवादीको आलोकलाई कहिल्यै निभ्न दिएन (मण्डल, २०७८) । केही पत्रिका भने सरकारको पक्षमा प्रकाशित भएका पाइन्छ । जनकपुरमा 'वैदेही' साप्ताहिक थियो । तत्कालीन अवस्थामा नेपाली कङ्ग्रेसलाई धोका दिएर बहुदलीय व्यवस्था र संसदीय व्यवस्थाको विकल्पमा निर्दलीय निरङ्कुश व्यवस्था पञ्चायतको पक्षमा लाग्ने डा. तुलसी गिरीको परिवारले चलाएको थियो (अधिकारी, २०७८) ।

२०२८ सालमा अचेल प्रकाशित हुँदा यसले तत्कालीन व्यवस्थाको विरोधका साथै तत्कालीन अवस्थामा वीरगन्जेली पत्रकारितामा एउटा नवीनताको सूत्रपातसमेत गरेको थियो (चन्द्रकिशोर, २०५८) । मधेस प्रदेशबाट मैथिली भाषामा पनि पत्रिकाहरू प्रकाशित भएका छन् । २०३९ कात्तिक ३ गतेदेखि रामभरोस कापडीद्वारा सम्पादित पहिलो मैथली साप्ताहिक समाचारपत्र गामघर प्रकाशित हुन थाल्यो जुन अझै प्रकाशित हुँदैछ (रौनियार, सन् २०२०) ।

२०४६ साल भन्दा पूर्व अधिकांश पत्रपत्रिका व्यक्तिगत सङ्गठनका रूपमा परिचालित थिए । एउटै व्यक्ति रिपोर्टर, सम्पादक, प्रकाशक, व्यवस्थापक, वितरक हुने जस्तो 'अल इन वन' अवस्था थियो । यसरी पत्रिका चलाउँदा व्यावसायिकता अभिवृद्धि गर्न वा संरक्षित गर्न कठिन थियो (चन्द्रकिशोर, २०५८) ।

बहुदल आएपछि वीरगन्ज, जनकपुरलगायतका स्थानबाट केही पत्रिका प्रकाशन हुने क्रम बढ्यो । वीरगन्जबाट मातृभूमि, मालिङ्गो जस्ता पत्रिका प्रकाशित भए । सप्तरीबाट सूचना साप्ताहिक प्रकाशित हुन थाल्यो । व्यावसायिकरूपमा पनि पत्रपत्रिकाहरू प्रकाशित हुन थाले । त्यसयता विभिन्न जिल्लामा पत्रपत्रिका प्रकाशन हुने क्रम जारी छ । प्रेस काउन्सिल नेपालको वर्गीकरणमा वीरगन्जबाट प्रकाशित हुने प्रतीक दैनिक र जनकपुरबाट प्रकाशित हुने जनकपुर टुडे राष्ट्रियस्तरको क वर्गमा परेका छन् । मधेस प्रदेशका सबै जिल्लामा पत्रिका दर्ता भएका छन् । कतिपय पत्रिकाले जिल्ला र प्रदेशको सीमा भन्दा टाढासम्म पहुँच पुर्‍याउन सफल भएका छन् र राष्ट्रियस्तरको पत्रिका बन्न सफल पनि भएका छन् । यद्यपि १ दशक पहिलेको साप्ताहिक र पाक्षिक अखबार बिस्तारै बन्द हुँदै गइरहेका छन् । मासिक पत्रिका अब ज्यादै कममात्र देखिन्छन् (मित्र, २०७८) ।

मधेस प्रदेशमा ७१० वटा पत्रपत्रिकाको प्रकाशन दर्ता अभिलेख छ । त्यसमध्ये १३६ वटा नियमित प्रकाशन भएका देखिन्छ । ५१ वटा अनियमित छन् । बाँकी प्रकाशित नै भएका छैनन् ।

**मधेस प्रदेशका जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| धनुषा | ३२ | ० | १२० | १५ | ८ | २ | १ | ० | १७८ |
| पर्सा | ५० | २ | १६९ | २२ | २ | ० | ० | ० | २४५ |
| बारा | ८ | ० | ३५ | २ | १ | ० | १ | ० | ४७ |
| महोत्तरी | ५ | ० | २३ | २ | ० | ० | ० | ० | ३० |
| रौतहट | ९ | ० | २५ | ० | ० | ० | ० | ० | ३४ |
| सप्तरी | २२ | ० | ६६ | २ | ५ | ० | ० | ० | ९५ |
| सर्लाही | ४ | ० | ३० | १ | २ | ० | ० | ० | ३७ |
| सिरहा | ८ | ० | ३४ | १ | १ | ० | ० | ० | ४४ |
| जम्मा | १३८ | २ | ५०२ | ४५ | १९ | २ | २ | ० | ७१० |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## सङ्कटमा एफएम रेडियो

मधेस प्रदेशमा २०६० सालबाट एफएम रेडियो प्रसारण सुरू भएको हो । २०६० साल मङ्सिर २० गतेदेखि मध्य तराईकै पहिलो रेडियोका रूपमा रेडियो वीरगन्जले प्रसारण सुरू गऱ्यो । त्यसपछि २०६३ साल कात्तिक ४ गते वीरगन्जबाट सामुदायिक रेडियो नारायणी एफएमको प्रसारण प्रारम्भ भएको पाइन्छ । यसैगरी बारामा गढिमाई एफएमको प्रसारण सुरू भयो । २०६३ सालमा जनकपुरबाट रेडियो जनकपुरले प्रसारण सुरू गऱ्यो ।

२०६३ पछि पर्साबाट नारायणी, इन्द्रेणी एफएमका साथै मधेस प्रदेशका विभिन्न जिल्लामा विभिन्न एफएम रेडियो सञ्चालनमा आएको पाइन्छ ।

मधेस प्रदेशका कैयौँ रेडियो सङ्कटमा छन् । दक्ष जनशक्ति अभाव, अनलाइन माध्यमप्रति बढ्दो आकर्षण र विज्ञापन नहुँदा एफएम रेडियोहरु सङ्कटमा परेका हुन् । पहिले भारतीय विज्ञापनहरु पनि प्रसारण हुने गरेको थियो । पछिल्लो समयमा भारतीय विज्ञापनमा रोक लगाइएका कारण एफएम रेडियोहरु थप आर्थिक मारमा परेका हुन् ।

एफएम रेडियोले पत्रकारितालाई नयाँ दिशा प्रदान गरेको छ । पत्रिका र अनलाइन शिक्षित र साक्षरहरूका लागि भरपर्दो सञ्चार माध्यम बने पनि एफएम रेडियो निरक्षरसमेतका लागि विश्वासिलो सञ्चार माध्यम बनेका छन् । सूचना तत्काल प्रवाह गर्ने भएकाले सूचनामा आफ्नो पहुँच पुऱ्याउन मोबाइलमार्फत पनि स्रोताले एफएम रेडियो सुन्ने गर्छन् । हरेकजसो शहर र बजार क्षेत्रमा यसको विस्तार छ र अझ यसको विस्तार भइरहेको छ (मित्र, २०७८) । मधेस प्रदेशमा ११६ वटा एफएमले इजाजत लिएको देखिन्छ ।

### जिल्लागत आधारमा एफएम रेडियो

| जिल्ला | एफएम रेडियो |
|---|---|
| धनुषा | १२ |
| पर्सा | २१ |
| बारा | १८ |
| महोत्तरी | १३ |
| रौतहट | १६ |
| सप्तरी | १० |
| सर्लाही | ११ |
| सिरहा | १५ |
| जम्मा | ११६ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## दर्जन टेलिभिजनको सेवा

मधेस प्रदेशमा टेलिभिजनको प्रसारण सुरूवात पनि वीरगन्जबाट भएको पाइन्छ । २०६४ सालमा तराई मिडिया नेटवर्कका रूपमा तराई टेलिभिजन सुरू भएको थियो । २०७० सालमा वीरगन्ज इन्टरटेनमेन्ट सुरू भयो । २०७१ सालमा जनकपुरबाट जनकपुर टुडे, अप्पन टिभी र जनकपुर मिडिया सुरू भए । अहिले जनकपुरमा त्यसबाहेक टिभी टुडे, टाइम टिभी, जानकी टिभीलगायतका टिभी प्रसारणमा छन् । वीरगन्जमा पनि पछिल्लो समय माई टिभी, टिभी वीरगन्जलगायत सञ्चालनमा छन् ।

टेलिभिजन पत्रकारिताको विकास पनि व्यापक हुँदै गएको छ । मधेस प्रदेशका महानगर तथा उपमहानगरमा टेलिभिजन सञ्चालनमा आइसकेका छन् भने विस्तारै अन्य शहरमा पनि टेलिभिजन सञ्चालनमा आउने क्रम चलिरहेको छ । पहिले टेलिभिजनमा उपभोक्ताको पहुँच कम भएको अवस्था विस्तारै परिवर्तन हुँदै गएसँगै आफ्नो नजिकको विषयवस्तु माग हुने क्रमसँगै टेलिभिजनको पनि विकास र विस्तार भएको हो (मित्र, २०७८) । मधेस प्रदेशमा १२ वटा टेलिभिजनले इजाजत लिएका पाइन्छ ।

### जिल्लागत आधारमा टेलिभिजन

| जिल्ला | टेलिभिजन |
|---|---|
| धनुषा | ६ |
| पर्सा | ४ |
| बारा | ० |
| महोत्तरी | ० |
| रौतहट | १ |
| सप्तरी | ० |
| सर्लाही | ० |
| सिरहा | १ |
| जम्मा | १२ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## फस्टाउँदो अनलाइन पत्रकारिता

२०७० सालपछि अनलाइन दर्ता गराउने क्रम निकै बढेको छ । अहिले सबै भन्दा बढी फस्टाएको अनलाइन पत्रकारिता हो । हरेक जिल्लामा दर्जनौंको सङ्ख्यामा रहेका केही अनलाइनले मुख्यत: स्थानीय विषयवस्तु प्रस्तुत गरिरहेका छन् । अनलाइनबीच एकातिर तीव्र प्रतिस्पर्धा छ भने अर्कोतिर पाठकको अभाव पनि छ (मित्र, २०७८) । प्रेस काउन्सिल नेपालका अनुसार मधेस प्रदेशका सबै जिल्लामा अनलाइन छन् । त्यसमध्ये सबै भन्दा बढी पर्सा जिल्लाका ४४ वटा अनलाइन सूचीकरण भएका छन् । र, प्रेस काउन्सिल नेपालमा मधेस प्रदेशका १५९ वटा अनलाइन सूचीकरण भएका छन् ।

**जिल्लागत आधारमा अनलाइन**

| जिल्ला | अनलाइन |
|---|---|
| धनुषा | २४ |
| पर्सा | ४४ |
| बारा | २० |
| महोत्तरी | ९ |
| रौतहट | ४० |
| सप्तरी | १३ |
| सर्लाही | ३ |
| सिरहा | ६ |
| जम्मा | १५९ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## मधेस प्रदेशमा पत्रकार

मधेस प्रदेशमा पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनमा पत्रकार सक्रिय छन् । समाचार समितिमा पनि कार्यरत छन् । स्थानीय मिडियामा कार्यरत पत्रकारहरु राजधानीका मिडियामा पनि आबद्ध छन् । राजधानीका मूलधारका भनिएका मिडियाहरूले पनि मधेस प्रदेशमा संवाददाताहरु राख्न प्राथमिकता दिएका पाइन्छ ।

नेपाल पत्रकार महासङ्घका अनुसार मधेस प्रदेशमा पत्रकार महासङ्घको सदस्यता लिने ७९९ पत्रकार छन् । त्यसमध्ये ६९२ पुरूष छन् भने १०७ पत्रकार महिला छन् । सदस्यता लिएकामध्ये कतिजना पत्रकारले सक्रिय पत्रकारिता गर्छन् ? भन्ने खोजीको अर्को पाटो छ ।

## आर्थिक समस्या प्रमुख चुनौती

मधेस प्रदेशमा मिडियाको सङ्ख्या बढेको छ । २०७० सालपछि अनलाइन खोल्ने क्रम तीव्र छ । व्यावसायिक र योजनाबद्धरूपमा अघि बढ्दा पत्रकारिताको भविष्य राम्रो हुन सक्छ भने सञ्चालनका लागि मात्र मिडियाहरु खोल्ने क्रम नरोकिए पत्रकारिताको स्तर बढाउन गाह्रो पर्ने देखिन्छ । आर्थिक समस्या टड्कारोरूपमा देखिएको छ । त्यसलाई पन्छाउँदै व्यावसायिकता वृद्धि गर्नु पनि अर्को चुनौती छ । मुलुकको राजधानी काठमाडौँबाट प्रकाशित हुने सबैजसो राष्ट्रिय दैनिक अखबार, सबैजसो एफएम रेडियो, अधिकांश ठूला र स्तरीय अनलाइन तथा सबै टेलिभिजनमा मधेसका प्रायः हरेक जिल्लाबाट संवाददाता छन् । मधेसको पत्रकारिताको विकासमा राष्ट्रिय स्तरका सञ्चार माध्यमको पनि ठूलो भूमिका छ ।


मिडियाहरु विस्तार हुँदै गए पनि चुनौतीहरु पनि धेरै नै छन् । सञ्जय मित्रका अनुसार मधेस प्रदेशमा संस्थागत पहिचान, व्यावसायिकताको अभाव, न्यून पारिश्रमिक, तटस्थताको अभाव, राजनीतिक संरक्षण, कोठे र कपी राइट पत्रकारिता, सरकारी संरक्षणको अभावलगायतका चुनौती छन् । यसैगरी केही प्रतिष्ठानले श्रमजीवीहरूलाई स्थायी नियुक्ति दिएका छन् भने कतिपयले कानुन पालना गरेका छैनन् । पत्रकारहरूको भौतिक र सामाजिक सुरक्षा पनि चुनौतीपूर्ण छ ।

## वाग्मती प्रदेश :


# मिडियाको केन्द्र

# बाग्मती प्रदेशमा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| २६५७ | १८३ | १०१ | २११० |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| २३७ | ७ | १५०५ | २६६ | ४९६ | ४३ | ६७ | ३६ |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| २६५७ | ३९६ | २८६ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| ५७७६ | ४६३६ | ११४० |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# वाग्मती प्रदेशमा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
|---|---|---|---|---|
| भक्तपुर | ७० | ७ | २ | ७० |
| रसुवा | २ | ३ | ० | ४ |
| काठमाडौं | १६९० | ४७ | ५९ | २००० |
| नुवाकोट | १६ | १४ | १ | २४ |
| सिन्धुपाल्चोक | १७ | १० | ० | ४४ |
| धादिङ | २१ | ११ | १ | १९ |
| दोलखा | १३ | ८ | ० | १० |
| चितवन | ५५ | २८ | ८ | ११२ |
| रामेछाप | ८ | ८ | ० | १५ |
| मकवानपुर | ३१ | १८ | २ | ९६ |
| सिन्धुली | १३ | ८ | ० | २९ |
| ललितपुर | १४८ | ८ | २७ | १७५ |
| काभ्रेपलान्चोक | २६ | १३ | १ | ५९ |



*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

वाग्मती प्रदेशमा काठमाडौँ, भक्तपुर, ललितपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलाञ्चोक, चितवन, धादिङ, नुवाकोट, मकवानपुर र रसुवासहित १३ वटा जिल्ला छन् । यो ७ वटा प्रदेशमध्ये मिडियाको सबै भन्दा बाहुल्य भएको क्षेत्र हो । देशको राजधानी काठमाडौँ रहेको यो प्रदेश मिडियाको केन्द्रका रूपमा समेत स्थापित छ । वाग्मती प्रदेशमा नेपालभर दर्ता भएका र इजाजत लिएका मिडियामध्ये आधा भन्दा बढी मिडिया छन् । प्रदेशमा १३ वटा जिल्ला भए पनि काठमाडौँ उपत्यका (काठमाडौँ, ललितपुर र भक्तपुर) मा मिडिया वढी केन्द्रीकृत छन् । यी ३ जिल्लामा मिडिया केन्द्रीकृत हुनुमा बजार, आर्थिक पक्ष र जनसङ्ख्या महत्वपूर्ण पक्षका रूपमा छन् । आर्थिक सर्वेक्षण २०७७/२०७८ अनुसार वाग्मती प्रदेशले नेपालको कुल गार्हस्थ्य उत्पादनमा ३७.७ प्रतिशत योगदन गर्छ (आर्थिक सर्वेक्षण, २०७८) । यस्तै वाग्मती प्रदेशलाई साक्षर प्रदेशका रूपमा घोषणा गरिएको छ भने प्रदेशको साक्षरता दर ९५ प्रतिशत छ (अनलाइनखबर, २०७८) ।

## मिडियामा पहुँच र प्रयोग

पछिल्लो एक दशकमा इन्टरनेट र मोबाइल प्रविधिमा आएको क्रान्तिका कारण आमसञ्चार माध्यममा नागरिकको पहुँच वृद्धि भएको छ । राष्ट्रिय जनगणना २०७८ सम्पन्न भएको छ । तर यसअघि राष्ट्रिय जनगणना २०६८ लाई आधार बनाउँदै विभिन्न सङ्घ/संस्थाले गरेको अनुसन्धानले यो प्रदेशमा मिडियामा पहुँच बढेको देखाएका छन् ।

राष्ट्रिय जनगणना २०६८ ले कम्तीमा कुनै एक माध्यमको सुविधाको अवस्था हेर्दा मोबाइल फोनको प्रयोगकर्ता ८० प्रतिशत, रेडियो ६३.५ प्रतिशत, टेलिभिजन ५८.५ प्रतिशत, केबल टेलिभिजन ४२ प्रतिशत र इन्टरनेट १०.८ प्रतिशतमा सुविधा रहेको देखाएको थियो । नेपाल मिडिया सर्वेक्षण सन् २०१९ र सन् २०२० मा क्रमशः ४ हजार १२९ र ४ हजार ८३२ नमुनाका आधारमा गरिएको अध्ययनअनुसार मिडियाको प्रयोगमा वृद्धि देखिन्छ (नेपाल मिडिया सर्वेक्षण, सन् २०१९/२०२०) ।

**तालिका : वाग्मती प्रदेशमा मिडियाको प्रयोग**

| मिडिया | सन् २०१९ | सन् २०२० | वृद्धि |
|---|---|---|---|
| रेडियो | २३ % | ५८ % | ३५ % |
| टेलिभिजन | ५३ % | ७४ % | २१ % |
| पत्रपत्रिका | २० % | ४८ % | २८ % |
| इन्टरनेट | ३५ % | ७५ % | २२ % |

*स्रोत : नेपाल मिडिया सर्वेक्षण, सन् २०१९ र सन् २०२०*

सर्वेक्षणले एक वर्षको अन्तरालमा रेडियोमा ३५ प्रतिशत, टेलिभिजनमा २१ प्रतिशत, पत्रपत्रिकामा २८ प्रतिशत र इन्टरनेटमा २२ प्रतिशत वृद्धि भएको देखाएको थियो ।

## आधा भन्दा बढी मिडिया वाग्मतीमा

प्रेस काउन्सिल नेपालको ४६औँ वार्षिक प्रतिवेदनअनुसार वाग्मती प्रदेशमा २०७७/७८ मा कुल २ हजार ६५७ वटा पत्रपत्रिका प्रकाशन दर्ता अभिलेख भएको देखिन्छ । यस्तै काउन्सिलको २०७८ साल फागुन पहिलो हप्तासम्मको अभिलेखअनुसार २११० अनलाइन सूचीकरण भएका छन् । सूचना तथा प्रसारण विभागको २०७८ फागुन पहिलो हप्तासम्मको अभिलेखअनुसार वाग्मती प्रदेशमा १८३ वटा एफएम रेडियोले इजाजतपत्र लिएका देखिन्छ । त्यसैगरी १०१ वटा टेलिभिजनले इजाजतपत्र लिएका छन् ।

वाग्मती प्रदेशमा नेपाल पत्रकार महासङ्घको सदस्यता लिने पत्रकारको सङ्ख्या ५ हजार ७७६ छ । महासङ्घले वाग्मती प्रदेशलाई वाग्मती प्रदेश, उपत्यका, प्रतिष्ठान र एसोसिएट गरी ४ भागमा विभाजन गरी सदस्यताको क्षेत्र छुट्ट्याएको छ । जसअनुसार वाग्मतीमा १ हजार ३०१, उपत्यकामा २ हजार १५८, प्रतिष्ठानमा १ हजार ४३८ र एसोसिएटमा ८७९ सदस्य छन् । महासङ्घका अनुसार प्रदेशमा ४६३६ (८० प्रतिशत) पुरूष पत्रकार छन् भने ११४० (२० प्रतिशत) पत्रकार महिला छन् । वाग्मती प्रदेशमा पत्रकार महासङ्घको सदस्यता नलिएकाहरु पनि पत्रकारका रूपमा कार्यरत पाइन्छ ।

## जिल्लागतरूपमा मिडिया अवस्था

वाग्मती मिडिया बाहुल्य प्रदेश भए तापनि जिल्लाअनुसार मिडियाको अवस्था विश्लेषण गर्दा केही जिल्लामा मिडिया घनत्व निकै बढी देखिन्छ भने केही जिल्लामा मिडिया निकै कम पाइन्छ । यसले जिल्लाअनुसार मिडियाको असन्तुलन देखाउँछ ।

वाग्मती प्रदेशको काठमाडौँ उपत्यकामा पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन दर्ता तथा इजाजतपत्र लिनेको सङ्ख्या अन्य भागको तुलनामा दुईतिहाइ भन्दा बढी छ । उपत्यकामा मात्र ८५ प्रतिशत मिडिया रहेका देखिन्छ । यसैगरी सबै भन्दा कम मिडिया भएको रसुवा जिल्लामा ९ वटामात्र मिडिया दर्ता छन् । रसुवामा टेलिभिजन सञ्चालनका लागि कसैले पनि इजाजतपत्र लिएका छैनन् । पत्रपत्रिकाको हकमा प्रेस काउन्सिल नेपालको तथ्याङ्कअनुसार यो प्रदेशभित्र काठमाडौँ उपत्यकामा पत्रपत्रिका दर्ता निकै बढी छ । काठमाडौँ उपत्यकामा मात्रै २ हजार २४५ वटा पत्रपत्रिकाको प्रकाशन दर्ता अभिलेख छ । सबै भन्दा थोरै रसुवा जिल्लामा ४ वटा पत्रपत्रिका दर्ता भएको देखिन्छ ।

## ११ प्रतिशत पत्रिका मात्रै नियमित

दर्ता भएअनुसार पत्रपत्रिकाको नियमित प्रकाशनको सङ्ख्या भने धेरै कम छ । प्रदेशमा ११ प्रतिशत (२८६) पत्रपत्रिका नियमित प्रकाशन भएको देखिन्छ भने ५ प्रतिशत (१२८) नियमित प्रकाशित भएका छैनन् । ८४ प्रतिशत पत्रपत्रिका (२२४३) यस प्रदेशमा प्रकाशित नै भएका छैनन् । यसले दर्ताको तुलनामा पत्रपत्रिका प्रकाशन अवस्था धेरै कमजोर रहेको देखाउँछ ।

यस प्रदेशमा नेपालकै पहिलो समाचारपत्रका रूपमा गोरखापत्र (१९५८ साल वैशाखमा) प्रकाशित भएको थियो । २०४९ सालपछि निजी तहबाट व्यावसायिक मिडिया सञ्चालनका लागि ठूलो लगानी पनि यही प्रदेशमा भएको थियो । त्यसपछि नेपाली पत्रपत्रिकाको वितरण र पाठकको सङ्ख्या वृद्धि भएको देखिन्छ । यस प्रदेशबाट प्रकाशित पत्रपत्रिकाले प्रदेशमा मात्र नभई राष्ट्रियस्तरमा जनमत निर्माण गर्नसमेत महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**वाग्मती प्रदेशका जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| काठमाडौँ | १७१ | ७ | १०७६ | २२४ | ४१२ | ३६ | ४६ | २८ | २००० |
| काभ्रेपलान्चोक | ४ | ० | ४३ | ४ | ६ | ० | २ | ० | ५९ |
| चितवन | १३ | ० | ७७ | ७ | १० | १ | १ | ३ | ११२ |
| दोलखा | २ | ० | ८ | ० | ० | ० | ० | ० | १० |
| धादिङ | २ | ० | १५ | ० | २ | ० | ० | ० | १९ |
| नुवाकोट | ३ | ० | १७ | १ | २ | ० | १ | ० | २४ |
| भक्तपुर | ५ | ० | ४२ | २ | १४ | ० | ६ | १ | ७० |
| मकवानपुर | १२ | ० | ६८ | ५ | ६ | १ | ३ | १ | ९६ |
| रसुवा | ० | ० | २ | ० | १ | १ | ० | ० | ४ |
| रामेछाप | ० | ० | ११ | ० | १ | १ | २ | ० | १५ |
| ललितपुर | १९ | ० | ९५ | २१ | ३१ | २ | ४ | ३ | १७५ |
| सिन्धुपाल्चोक | ३ | ० | २७ | २ | ९ | १ | २ | ० | ४४ |
| सिन्धुली | ३ | ० | २४ | ० | २ | ० | ० | ० | २९ |
| जम्मा | २३७ | ७ | १५०५ | २६६ | ४९६ | ४३ | ६७ | ३६ | २६५७ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## १८३ रेडियोको इजाजत

वाग्मती प्रदेशमा २००७ सालदेखि रेडियो नेपालको प्रसारण सुरू भएको हो । २०५२ सालपछि रेडियो नेपालको १०० मेघाहर्जबाट एफएम रेडियो प्रसारण सुरू गरिएको पाइन्छ । यही प्रदेशबाट २०५४ सालदेखि निजी क्षेत्रबाट सामुदायिक एफएम रेडियो सगरमाथाको प्रसारण सुरू भएको थियो । त्यसपछि मात्र अरु प्रदेशमा एफएम रेडियो विस्तार भएको पाइन्छ ।

निजी क्षेत्रमा रेडियो सञ्चालन गर्ने अनुमति पाएको पहिलो ५ वर्षपछिको तुलनामा रेडियो दर्ता र सञ्चालन गर्ने सङ्ख्या २५ गुणाले बढेको देखिन्छ । यस प्रदेशमा २०६३ देखि २०६७ सालको बीचमा सबै भन्दा बढी रेडियो दर्ता भएको देखिन्छ । ५ वर्षको अन्तरालमा ६७ वटा एफएम रेडियोले इजाजतपत्र लिएका थिए (ढुङ्गेल, २०७७) । वाग्मती प्रदेशमा एफएम रेडियो प्रसारण नभएको जिल्ला छैन । यो प्रदेशमा १८३ वटा रेडियोले इजाजत लिएका पाइन्छ । सबै भन्दा बढी काठमाडौँ जिल्लामा ४७ वटा रेडियोले इजाजत लिएका छन् भने रसुवा जिल्लामा सबै भन्दा कम ३ वटा एफएम रेडियोले इजाजत लिएका छन् ।

**जिल्लागत आधारमा एफएम रेडियो**

| जिल्ला | एफएम रेडियो |
|---|---|
| काठमाडौँ | ४७ |
| काभ्रेपलान्चोक | १३ |
| चितवन | २८ |
| दोलखा | ८ |
| धादिङ | ११ |
| नुवाकोट | १४ |
| भक्तपुर | ७ |
| मकवानपुर | १८ |
| रसुवा | ३ |
| रामेछाप | ८ |
| ललितपुर | ८ |
| सिन्धुपाल्चोक | १० |
| सिन्धुली | ८ |
| जम्मा | १८३ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## १०१ टेलिभिजनलाई इजाजत

टेलिभिजनको सुरुवात पनि वाग्मती प्रदेशबाट भएको पाइन्छ । २०४१ सालमा नेपाल टेलिभिजन स्थापनापछि २०४२ सालदेखि प्रसारण सुरू भएको थियो । यस प्रदेशमा १०१ वटा टेलिभिजनले इजाजत लिएका पाइन्छ । टेलिभिजनको इजाजतपत्र लिएको विवरण हेर्दा प्रसारकहरूले केबल, स्याटलाइट र टेरिस्टेरियल प्रविधिमार्फत टेलिभिजन प्रसारण गर्ने उद्देश्यले इजाजतपत्र लिएका पाइन्छ । जसमध्ये पछिल्लो अवस्थामा केबल टिभीमार्फत प्रसारण गर्ने उद्देश्यले इजाजत लिने क्रमले गर्दा टेलिभिजन प्रसारण गर्ने संस्थाहरु वृद्धि हुँदै गएको देखिन्छ । इजाजत लिएका टिभीमध्ये काठमाडौँ उपत्यकामा मात्रै ८८ छन् । त्यसैगरी चितवनमा ८ वटा, मकवानपुरमा २ वटा, काभ्रेपलाञ्चोक, धादिङ र नुवाकोटमा १-१ वटा टिभीले प्रसारणका लागि इजाजतपत्र लिएका छन् । दोलखा, रसुवा, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोकमा कुनै पनि टिभीले प्रसारणका लागि इजाजत लिएका पाइँदैन ।

सरकारले टेलिभिजन चलाएको १६ वर्षपछि निजी क्षेत्रबाट टेलिभिजन सञ्चालनमा आएको हो । निजीस्तरमा विस्तार भएसँगै टेलिभिजनको सङ्ख्या बढ्दै गएको छ । पछिल्लो १६ वर्षमा टेलिभिजनको इजाजतपत्र लिनेको सङ्ख्या १७ गुणाले बढेको छ । २०७६ सालमा मात्रै २४ वटा टेलिभिजनले इजाजत लिएका देखिन्छ । पछिल्लो १५ वर्षको अनुपातमा १ वर्षमै एकतिहाइ टेलिभिजनले इजाजत लिएका हुन् (ढुङ्गेल, २०७७) ।

**जिल्लागत आधारमा टेलिभिजन**

| जिल्ला | टेलिभिजन |
|---|---|
| काठमाडौँ | ५९ |
| काभ्रेपलान्चोक | १ |
| चितवन | ८ |
| दोलखा | ० |
| धादिङ | १ |
| नुवाकोट | १ |
| भक्तपुर | २ |
| मकवानपुर | २ |
| रसुवा | ० |
| रामेछाप | ० |
| ललितपुर | २७ |
| सिन्धुपाल्चोक | ० |
| सिन्धुली | ० |
| जम्मा | १०१ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## ९० प्रतिशत अनलाइन उपत्यकामा

वाग्मती प्रदेशमा अनलाइन मिडियाको बाक्लो उपस्थिति छ । प्रेस काउन्सिल नेपालमा २ हजार ११० वटा अनालइन सूचीकरण भएका छन् । यस प्रदेशमा सबै भन्दा बढी अनालाइन माध्यम काठमाडौँ उपत्यकाका ३ जिल्लामा छन् । वाग्मती प्रदेशका जिल्लामध्ये काठमाडौँ, भक्तपुर र ललितपुरमा मात्र ९० प्रतिशत अनलाइन सञ्चार माध्यम छन् । सबै भन्दा कम अनलाइन मिडिया रसुवा जिल्लामा छन् । पछिल्लो अवस्थामा अनलाइन सञ्चार माध्यम सूचीकृत हुने क्रम बढ्दो छ ।

जिल्लागत आधारमा अनलाइन

| जिल्ला | अनलाइन |
|---|---|
| काठमाडौँ | १६९० |
| काभ्रेपलान्चोक | २६ |
| चितवन | ५५ |
| दोलखा | १३ |
| धादिङ | २१ |
| नुवाकोट | १६ |
| भक्तपुर | ७० |
| मकवानपुर | ३१ |
| रसुवा | २ |
| रामेछाप | ८ |
| ललितपुर | १४८ |
| सिन्धुपाल्चोक | १७ |
| सिन्धुली | १३ |
| जम्मा | २११० |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## प्रदेश सरकारमा मिडिया दर्ता

वाग्मती प्रदेश सरकारले यस प्रदेशका मिडिया व्यवस्थापन गर्न प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी ऐन २०७५ पारित गरेपछि र सञ्चार रजिस्ट्रार नियुक्तिपछि संविधानले दिएको अधिकार प्रयोग गर्दै प्रदेश सरकारको नीतिअनुसार मिडिया दर्ता तथा सञ्चालन अनुमति दिने गरेको छ । प्रदेशबाट यसरी यस्तो सुविधा प्रदान गर्ने वाग्मती पहिलो प्रदेश हो ।

वाग्मती प्रदेश सञ्चार रजिस्ट्रार कार्यालयले ५ वटा नयाँ एफएम रेडियो सञ्चालनका लागि अनुमति प्रदान गरेको छ । ३ वटा २५० वाट र २ वटा ५०० वाट क्षमताको एफएम रेडियोलाई प्रदेशबाटै प्रक्रिया सुरू गरी इजाजत दिइएको हो ।

**प्रदेशबाट दर्ता र इजाजत प्राप्त मिडिया**

| सञ्चार माध्यम | अधिकार क्षेत्र | दर्ता/इजाजत वितरण | स्तर अभिवृद्धि | सङ्घीय सरकारबाट हस्तान्तरण |
|---|---|---|---|---|
| रेडियो | ९४ | ५ | ५ | ० |
| केबल टेलिभिजन | ३६ | १३ | ० | २३ |
| अनलाइन | ० | ११२ | ० | ० |

*स्रोत : वाग्मती प्रदेश सञ्चार रजिस्ट्रारको कार्यालय, २०७८ फागुन*

यस्तै कार्यालयले १३ वटा नयाँ केबल टेलिभिजन र ११२ वटा अनलाइन मिडियालाई सञ्चालनका लागि अनुमति प्रदान गरेको छ भने ६८५ पत्रकार परिचयपत्र वितरण गरेको छ ।

## धेरै मिडिया, धेरै चुनौती

यस प्रदेशमा दर्ता र इजाजत लिएका मिडियाहरु सञ्चालनमा चुनौती देखिन्छ । सञ्चालनमा आएका मिडियाहरुको निरन्तरतामा पनि प्रश्न उब्जिएका छन् । केही मिडियाले फड्को मारेको अवस्था रहे पनि कैयौँ मिडिया आर्थिकरुपले सक्षम छैनन् । मिडिया सङ्ख्याको तुलनामा विज्ञापन बजार विस्तार गर्नु पनि अर्को चुनौती देखिन्छ । कुनै जिल्लामा मिडिया बढी छन् भने कुनैमा कम छन् । यसमा सन्तुलन कायम गर्न पनि सहज देखिँदैन । धेरै पत्रकारको राजनीतिक पार्टीहरुसँग आबद्धता व्यावसायिक पत्रकारिताका लागि चुनौतीका रुपमा खडा भएको छ । कोभिड महामारी नहुँदा पनि कैयौँ पत्रकारले नियमित पारिश्रमिक पाउन सकेका थिएनन् । कोभिड महामारीपछि  आर्थिकरुपले मारमा परेका मिडियाले नियमित पारिश्रमिक दिने र समयअनुसार पारिश्रमिक वृद्धि पनि चुनौतीका रुपमा छ । मिडियाहरुलाई नियमन गर्न पनि सहज छैन ।


अवसरको कुरा गर्दा व्यावसायिक पत्रकारिता गर्नका लागि पर्याप्त ठाउँ छ । यस्तैगरी मिडियाको बजार, पहुँच र विस्तार गर्न सकिने आधारहरु पनि यो प्रदेशमा धेरै छन् । आर्थिकरुपले मिडियालाई सबल बनाउन, सामग्रीहरुमा विविधता ल्याउन, दक्ष जनशक्ति आकर्षित गर्न, नयाँ नयाँ प्रविधिहरु प्रयोग गर्न, मिडियाको विश्वसनीयता बढाउनेलगायतका कार्यमा पनि वाग्मती प्रदेशमा धेरै काम गर्न सकिने देखिन्छ ।

## गण्डकी प्रदेश :


# व्यावसायिकताको खोजी

# गण्डकी प्रदेशमा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| २८० | ११० | ९८ | २१३ |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| ५६ | ० | १६८ | २४ | १८ | ४ | ९ | १ |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| २८० | ६८ | ५१ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| १०१३ | ८३१ | १८२ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# गण्डकी प्रदेशमा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
| --- | --- | --- | --- | --- |
| मुस्ताङ | ० | २ | ० | २ |
| मनाङ | ० | २ | ० | ० |
| कास्की | १२२ | ३८ | ६ | १२६ |
| लमजुङ | ४ | ४ | १ | १७ |
| म्याग्दी | ८ | २ | ० | ११ |
| गोरखा | १४ | १२ | ० | १२ |
| बागलुङ | ११ | ११ | १ | २८ |
| तनहुँ | १० | १६ | १ | ३६ |
| पर्वत | १३ | ७ | १ | २४ |
| स्याङ्जा | १० | ७ | ४ | २४ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | २१ | ९ | ४ | ० |



*स्रोत : प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभाग*

गण्डकी प्रदेशमा गोरखा, लमजुङ, तनहुँ, मनाङ, कास्की, स्याङ्जा, बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला छन् । यो प्रदेशमा नवयुग मासिक पत्रिकाबाट पत्रकारिताको जग बसेको मानिन्छ । २००७ सालको जनक्रान्तिपछि खुला वातवारण सिर्जना भयो । त्यसकै अवसर उठाउँदै यो पत्रिका प्रकाशित भएको पाइन्छ । २००८ साल भदौमा गृह मन्त्री विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंह पोखरा विमानस्थल उद्घाटन गर्न पोखरा पुग्दा उनीहरूलाई नवयुग पत्रिकाको प्रति दिइएको थियो । पत्रिका १६ पाने हात्ती छाप कापीमा प्रेमराज मुल्मी र मीनराज पराजुलीको हातले लेखिएको थियो (पराजुली, २०५८) । बागलुङ जिल्लामा २००८ सालमा सही बाटो नामक हस्तलिखित पत्रिका सुरू गरिएको थियो । पोखरामा

२०१७ साल कात्तिक २६ गते हिमदूत साप्ताहिक प्रकाशित भएको पाइन्छ । यो पत्रिकाको प्रकाशक/सम्पादक जगन्नाथ सिग्देल थिए ।

२०२० सालमा पञ्च समाज र गण्डकी पत्रिका प्रकाशित भयो । तर यसको उद्देश्य पञ्चायती व्यवस्थालाई सहयोग पुऱ्याउनु थियो । जागिरे मानिसले सरकारी खर्चमा चलाउने र उद्देश्य पनि जनसाधारणले नरूचाउने भएकाले पञ्चबाहेक उनीहरूका पाठक देखिँदैनथे (पराजुली, २०५८) । त्यसलगत्तै साहित्यधारा नामक साहित्यिक पत्रिका पनि प्रकाशित भएको पाइन्छ । केही समयपछि राजा मासिक, दैनिक निर्णयलगायतका पत्रिका प्रकाशित भएको पाइन्छ । त्यतिबेला प्रकाशित भएका पत्रिकाहरु राजनीतिक हिसाबले विभाजित थिए । लोकतन्त्रका पक्षधरहरूले नेपाल पर्यवेक्षक पत्रिका र राष्ट्रवादीहरूले नौलो डाँक, आह्वान नामक पत्रिका प्रकाशित गरेको पाइन्छ । बागलुङमा २०२७ सालदेखि धोलाश्री साप्ताहिक प्रकाशन भएको देखिन्छ ।

२०३९ साल मङ्सिरदेखि दैनिक जनमत पत्रिका प्रकाशित भयो । यो पत्रिकाको उद्देश्य बहुदलीय व्यवस्थालाई सहयोग गर्ने पनि थियो । यो पत्रिका प्रकाशन भएपछि दैनिक अवलोकन, सप्तगण्डकी भञ्ज्याङ, साँचो कुरा, अरूणोदय, वातावरणलगायत नाम गरेका पत्रिकाहरु प्रकाशित भएको पाइन्छ । त्यसपछि राष्ट्र आवाज र पर्यवेक्षक दर्ता भएको पाइन्छ । पञ्चायतकालमा दर्ता भएका केही पत्रिकामात्र नियमित थिए भने केही समय प्रकाशित भएर बन्द भएका थिए ।

२०४६ सालमा बहुदलीय व्यवस्था पुनर्बहाली भएपछि पत्रपत्रिकाको दर्ता र प्रकाशन हुने क्रम बढ्यो । दैनिक पत्रिकाहरूको सङ्ख्या पनि बढ्यो । पोखरामा जनमत दैनिक, आदर्श समाज दैनिक, पोखरा हटलाइन दैनिक, गगन दैनिक, स्वदेशी आवाज दैनिक, चेतनापत्र दैनिक प्रकाशित भए । यसैगरी पोखरा एक्सप्रेस पाक्षिक, नवपोखरा टाइम्स मासिकलगायतका पत्रिका प्रकाशित भए । पोखराका अतिरिक्त गण्डकी प्रदेशका जिल्लाहरूमा पनि पत्रिका दर्ता गर्ने क्रम बढ्यो ।

पर्वतमा २०४८ सालमा पर्वत इत साप्ताहिक पत्रिका प्रकाशित भएको थियो । यो पत्रिका केही समय चलेर बन्द भएको थियो । म्याग्दीमा २०५३ सालमा डा. भूपेन्द्रबहादुर खड्काको सम्पादकत्वमा हलचल साप्ताहिक प्रकाशित भएको थियो । तर यो पत्रिका पनि लामो समय टिकेन । यसैगरी बागलुङमा वि.सं.

२०५६ साल पुसमा न्यु धवलागिरि दैनिक सुरू भएको थियो । त्यसपछि ढोरपाटन दैनिक प्रकाशित भएको पाइन्छ । धेरै सङ्ख्यामा पत्रिका दर्ता भए पनि प्रकाशन हुने पत्रपत्रिकाको सङ्ख्या भने कम छ ।

गण्डकी प्रदेशका जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका पत्रिकाको विवरण ५९५ छ । प्रकाशित पत्रिकाको सङ्ख्या भने ८४ वटामात्र देखिन्छ । तर दर्ता र प्रकाशित पत्रिकाको सङ्ख्या प्रेस काउन्सिल नेपालको तथ्याङ्क भन्दा फरक छ । प्रेस काउन्सिल नेपालको ४६औँ वार्षिक प्रतिवेदनअनुसार गण्डकी प्रदेशका जिल्लामा २८० वटा पत्रिका प्रकाशन भएका अभिलेख छ । प्रकाशित पत्रिकाको सङ्ख्या ६८ छ ।

**गण्डकी प्रदेशका जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कास्की | २७ | ० | ६८ | १४ | ११ | २ | ३ | १ | १२६ |
| गोरखा | ५ | ० | ४ | २ | १ | ० | ० | ० | १२ |
| तनहुँ | ८ | ० | २१ | ४ | ३ | ० | ० | ० | ३६ |
| पर्वत | ३ | ० | १६ | ० | १ | ० | ४ | ० | २४ |
| बागलुङ | ७ | ० | १८ | २ | १ | ० | ० | ० | २८ |
| मनाङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मुस्ताङ | ० | ० | २ | ० | ० | ० | ० | ० | २ |
| म्याग्दी | २ | ० | ७ | ० | १ | १ | ० | ० | ११ |
| लमजुङ | ३ | ० | १३ | १ | ० | ० | ० | ० | १७ |
| स्याङ्जा | १ | ० | १९ | १ | ० | १ | २ | ० | २४ |
| जम्मा | ५६ | ० | १६८ | २४ | १८ | ४ | ९ | १ | २८० |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## ११० एफएमको इजाजत

हिमाली जिल्ला मनाङबाहेक गण्डकी प्रदेशका सबै जिल्लामा एफएम रेडियो नियमित प्रशारण भइरहेका छन् । पोखरामा सबै भन्दा पहिले माछापुच्छ्रे एफएमको प्रसारण सुरू भएको थियो । २०५७ साल चैत ५ गतेदेखि यसको प्रसारण सुरू भएको हो । त्यसपछि हिमचुली, रेडियो अन्नपूर्ण, पोखरा एफएमलगायत सञ्चालन भयो । एफएम रेडियो अरु जिल्लामा पनि स्थापना हुन थाले ।

कास्कीमा ३७ वटा रेडियो सञ्चालनमा छन् । राजधानीबाट प्रसारण हुने रेडियोले पनि पोखरा क्षेत्रमा थप प्रसारण स्टेसन राखेर प्रदेशका विभिन्न जिल्लामा पहुँच विस्तार गरिरहेका छन् । कान्तिपुर एफएम र इमेज एफएमले पोखरामै टावर राखेर प्रसारण गरिरहेका छन् । २०६१ साल कात्तिकदेखि बागलुङमा धौलागिरि एफएम सञ्चालनमा आयो । एफएम रेडियो खोल्ने क्रम जारी छ । गण्डकी प्रदेशमा ११० वटा एफएमले इजाजत लिएका देखिन्छ ।

### जिल्लागत आधारमा एफएम रेडियो

| जिल्ला | एफएम रेडियो |
|---|---|
| कास्की | ३८ |
| गोरखा | १२ |
| तनहुँ | १६ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ९ |
| पर्वत | ७ |
| बागलुङ | ११ |
| मनाङ | २ |
| मुस्ताङ | २ |
| म्याग्दी | २ |
| लमजुङ | ४ |
| स्याङ्जा | ७ |
| जम्मा | ११० |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## टेलिभिजनको सेवा

गण्डकी प्रदेशमा पनि टिभी सञ्चालनमा छन् । टिभी सञ्चालनमा पोखरा अघि छ । पोखराबाट पोखरा टिभी, फेवा टिभी, गण्डकी र गोल्डेनआइ टिभी प्रसारणमा छन् । पोखरासहित गण्डकी प्रदेशका जिल्लाहरूमा केबलमार्फत सेवा प्रवाह हुने गरेको छ । श्रव्य/दृश्य माध्यमका रूपमा बागलुङमा धौलागिरि टेलिभिजन पनि सञ्चालनमा छ ।

**जिल्लागत आधारमा टेलिभिजन**

| जिल्ला | टेलिभिजन |
|---|---|
| कास्की | ६ |
| गोरखा | ० |
| तनहुँ | १ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४ |
| पर्वत | १ |
| बागलुङ | १ |
| मनाङ | ० |
| मुस्ताङ | ० |
| म्याग्दी | ० |
| लमजुङ | १ |
| स्याङ्जा | ४ |
| जम्मा | १८ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## आधा भन्दा बढी अनलाइन कास्कीमा

गण्डकी प्रदेशमा अनलाइन खोल्ने क्रम वृद्धि भएको छ । पत्रकारले व्यक्तिगतरूपमा अनलाइन सञ्चालन गर्न थालेका छन् । राष्ट्रियस्तरका सञ्चार माध्यममा काम गर्ने केही सीमित पत्रकारबाहेक जिल्लामा कार्यरत पत्रकारहरूले व्यक्तिगतरूपमै अनलाइन दर्ता गरेका छन् । स्थिति '१ पत्रकार, १ ल्यापटप, १ अनलाइन' तर्फ उन्मुख छ । २०७८ साल फागुन पहिलो हप्तासम्म प्रेस काउन्सिल नेपालमा सूचीकरण भएका अनलाइनको सङ्ख्या २१३ छ जसमा सबै भन्दा बढी कास्कीमा छन् ।

### जिल्लागत आधारमा अनलाइन

| जिल्ला | अनलाइन |
|---|---|
| कास्की | १२२ |
| गोरखा | १४ |
| तनहुँ | १० |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | २१ |
| पर्वत | १३ |
| बागलुङ | ११ |
| मनाङ | ० |
| मुस्ताङ | ० |
| म्याग्दी | ८ |
| लमजुङ | ४ |
| स्याङ्जा | १० |
| जम्मा | २१३ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## सक्रिय पत्रकार सङ्ख्या घट्दै

नेपाल पत्रकार महासङ्घका अनुसार गण्डकी प्रदेशमा नेपाल पत्रकार महासङ्घको सदस्यता लिएका पत्रकारको सङ्ख्या १०१३ छ । जसमा ८३१ पुरूष पत्रकार छन् भने १८२ पत्रकार महिला छन् । कतिपय पत्रकारले पत्रकार महासङ्घको सदस्यता नलिए पनि काम गरिरहेका छन् । पत्रकारहरूका अनुसार पछिल्लो समय सक्रिय पत्रकारको सङ्ख्या कम हुँदै गएको छ ।

## जनशक्ति टिकाउने समस्या

गण्डकी प्रदेशको मिडियाको विकास राम्रो छ । पत्रकारहरू स्थानीय सञ्चार माध्यमसहित राजधानीबाट सञ्चालित विभिन्न माध्यमका लागि काम गर्छन् । तर पनि कैयौँ मिडिया व्यावसायिक हुन सकेका छैनन् । पत्रकारितामा भविष्य सुनिश्चित देख्न नसक्दा कतिपय पत्रकारले यो पेसा छाड्ने गरेका छन् । कैयौँ पत्रकारले नियुक्तिपत्र पाएका छैनन्, मौखिक समझदारीका आधारमा काम गर्न बाध्य छन् । त्यो पारिश्रमिक पनि समयमा नपाउने समस्या छ ।


व्यावसायिकता, आर्थिक व्यवस्थापन, बढ्दो मिडिया सङ्ख्या, गुणस्तरीयतामा प्रश्न, खोजी सामग्रीको कमी, मिडियाको परम्परागत ढर्रा, सामाजिक सञ्जालको प्रभाव र त्यसबाट फैलिने गलत सूचना पनि मिडियाका लागि चुनौतीका रूपमा देखापरेका छन् । पत्रकारिता क्षेत्रमा नयाँ जनशक्ति ल्याउने कार्य पनि चुनौतीपूर्ण नै छ । समयअनुसार कुनै बेला पत्रिका, रेडियो, टेलिभिजन र अनलाइनको प्रभावमा तल–माथि होला तर गुणस्तरीय सामग्री दिने हो भने पाठक तथा स्रोताको अभाव हुने देखिँदैन ।

## लुम्बिनी प्रदेश :


# अर्बभन्दा बढीको लगानी

# लुम्बिनी प्रदेशमा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| ३२० | १५२ | २३ | २३४ |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| ७७ | ७ | १८५ | १४ | २१ | २ | १४ | ० |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| ३२० | ७१ | ४१ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| १८०६ | १४६२ | ३४४ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# लुम्बिनी प्रदेशमा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
|---|---|---|---|---|
| दाङ | ४६ | १९ | ३ | ३४ |
| बाँके | ५३ | २१ | २ | ७१ |
| बर्दिया | ५ | ९ | ० | २० |
| गुल्मी | ५ | ८ | १ | ८ |
| अर्घाखाँची | ८ | ९ | २ | ८ |
| कपिलवस्तु | २२ | १६ | १ | १४ |
| रोल्पा | ३ | १० | १ | ८ |
| रुकुम (पूर्व) | ४ | ६ | ० | ० |
| प्युठान | ७ | ७ | ० | ९ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २ | १० | २ | २० |
| रूपन्देही | ६३ | २७ | ५ | १०४ |
| पाल्पा | १६ | १० | ६ | २४ |



*स्रोत : प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभाग*

लुम्बिनी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम (पूर्वी भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया गरी १२ जिल्ला पर्छन् । यो प्रदेशको पत्रकारिताको इतिहास ७ दशकको छ (पोखरेल, २०७८) । लुम्बिनी प्रदेशको पत्रकारिताको इतिहास हस्तलिखित पत्रिकाहरूको प्रकाशनबाट सुरू भएको पाइन्छ । पाल्पाबाट प्रकाशित पथप्रदर्शक (२००६), सङ्घर्ष (२००८) र प्रगति (२००९) हस्तलिखित पत्रिका हुन् (पोखरेल, २०७७) । बाँके जिल्लाबाट प्रकाशित नइ दिशा (२००८) पनि हस्तलिखित पत्रिका नै हो । प्रजातन्त्र पुनर्स्थापना भएपछि भने पत्रिका दर्ता भएर नै प्रकाशित हुन थालेका पाइन्छ । २०११ सालमा बाँकेबाट हिन्दी भाषामा नयाँ सन्देश

साप्ताहिक पत्रिका सुरू भए पनि २०१६ सालमा प्रकाशित मातृभूमि साप्ताहिकलाई जिल्लाको पहिलो औपचारिक पत्रिकाका रूपमा लिने गरिन्छ । त्यति हुँदाहुँदै पनि २०३१ साल असोजदेखि प्रकाशित साप्ताहिक किरणको दर्ता नम्बर १ उल्लेख छ (खनाल, २०७७) । त्यसअघि रूपन्देहीबाट २०१२ चैत १५ गते बुटवल साप्ताहिकको प्रकाशन सुरू भयो (मल्ल, २०७७) । त्यस्तै प्युठानमा पनि २०१४-१६ सालमा प्युठान समाचार बुलेटिन प्रकाशित भएको पाइन्छ (भुसाल, २०७७) ।

२०१७ सालमा तानाशाही पञ्चायती व्यवस्था सुरू भए पनि लुम्बिनी प्रदेशमा पत्रिका प्रकाशन कार्यमा बिराम लागेन । २०१८ साल फागुन ७ गते रूपन्देहीबाट साप्ताहिक लुम्बिनी प्रकाशन भयो जसको दर्ता नवलपरासीमा गरिएको थियो । यो पत्रिका अहिलेसम्म पनि नियमितरूपमा प्रकाशनमा छ । २०१८ सालमा पाल्पाबाट पाल्पा साप्ताहिक प्रकाशन भएको पाइन्छ । त्यस्तै रूपन्देहीबाट लुम्बिनी सन्देश साप्ताहिक (२०२२), दैनिक निर्णय (२०२२), निष्पक्ष ध्वनि (२०२७), खसोखास साप्ताहिक (२०२७) प्रकाशित भए (मल्ल, २०७७) । दाङ जिल्लाबाट २०३३ असोज १७ गतेदेखि युगवोध पाक्षिक प्रकाशित भयो जुन पत्रिका पछि साप्ताहिक हुँदै अहिले दैनिकरूपमा प्रकाशनमा छ (अधिकारी, २०७७) । यता पाल्पाबाट २०४० सालमा सत्य साप्ताहिक प्रकाशित भएको पाइन्छ भने नवलपरासीमा २०४५ सालमा नयाँ ज्योति साप्ताहिक पत्रिका प्रकाशित भयो (गौड, २०७७) ।

पञ्चायती व्यवस्थाका बाबजुद पनि लुम्बिनी प्रदेशका रूपन्देही, पाल्पा, बाँकेलगायतका जिल्लामा मूलधारको समाचारमूलक पत्रकारिताको विकास भएको पाइन्छ । तर यो प्रदेशका अन्य जिल्लामा भने पञ्चायतको समयमा साहित्यिक पत्रकारिताको अभ्यास भएको देखिन्छ । बर्दियाको गुलरियास्थित महाकवि देवकोटा माविबाट प्रकाशित वाणी (२०२९) र अमर शहीद दशरथ चन्द मावि राजापुरबाट प्रकाशित कर्णाली (२०३०) साहित्यिक पत्रिका हुन् (ढुङ्गाना र धिताल, २०७७) । यसैगरी रोल्पाबाट प्रकाशित सुनछहारी (२०३४) पनि साहित्यिक पत्रकारिता हो (न्यौपाने, २०७७) । अर्घाखाँचीमा २०३८ सालमा जयतु संस्कृतम्मार्फत पत्रकारिता सुरू भएको पाइन्छ । २०५४ सालमा भू-सन्देश र अर्घाखाँची सन्देश नामक पत्रिकाको प्रकाशनसँगै अर्घाखाँची जिल्लामा औपचारिकरूपमा पत्रकारिता सुरू भएको मानिन्छ (आचार्य, २०७७) । त्यसको अर्को वर्ष प्युठानमा पहिलो पत्रिकाका रूपमा गौमुखी मासिक (२०५५) दर्ता भयो (भुसाल, २०७७) । गुल्मीमा २०५७ सालमा रेसुङ्गा शिखर सन्देश साप्ताहिक प्रकाशित भएको पाइन्छ (अर्याल, २०७७) ।

कपिलवस्तु जिल्लामा सोमेश्वर साप्ताहिक (२०५८) को प्रकाशनसँगै पत्रकारिता सुरूवात भएको हो (चापागाईं, २०७७) । लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा २०६२/०६३ को जनआन्दोलन सफलतापछि पत्रकारिता सुरू भएको पाइन्छ । २०६३ साल कात्तिक २२ गतेदेखि रोल्पा आवाज पाक्षिकका रूपमा जिल्लाकै पहिलो समाचारमूलक पत्रिकाको प्रकाशन सुरू भएको हो (न्यौपाने, २०७७) । लुम्बिनी प्रदेशको रूकुम पूर्वमा भने पत्रिका दर्ता भएको छैन (बुढामगर, २०७७) ।

प्रेस काउन्सिल नेपालका अनुसार लुम्बिनी प्रदेशमा प्रकाशन दर्ता अभिलेख भएका पत्रिकाको सङ्ख्या ३२० छ । त्यसमध्ये ४१ वटा नियमित छन् ।

**लुम्बिनी प्रदेशका जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ० | ० | ६ | १ | ० | ० | १ | ० | ८ |
| कपिलवस्तु | १ | ० | ११ | ० | १ | ० | १ | ० | १४ |
| गुल्मी | ० | ० | ६ | १ | ० | ० | १ | ० | ८ |
| दाङ | ११ | १ | १५ | ० | १ | १ | ५ | ० | ३४ |
| नवलपरासी | २ | ० | १५ | ० | ३ | ० | ० | ० | २० |
| पाल्पा | २ | १ | १५ | ३ | १ | ० | २ | ० | २४ |
| प्युठान | १ | ० | ५ | ० | ३ | ० | ० | ० | ९ |
| बर्दिया | ५ | ० | १२ | १ | ० | १ | १ | ० | २० |
| बाँके | ३१ | १ | ३८ | ० | ० | ० | १ | ० | ७१ |
| रूपन्देही | २३ | ४ | ५६ | ७ | १२ | ० | २ | ० | १०४ |
| रोल्पा | १ | ० | ६ | १ | ० | ० | ० | ० | ८ |
| जम्मा | ७७ | ७ | १८५ | १४ | २१ | २ | १४ | ० | ३२० |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## एफएम रेडियोमा अग्रणी

पाल्पा जिल्लामा रेडियो मदनपोखराले २०५५ पुस १८ गते इजाजत प्राप्त गरी २०५६ चैत २३ गतेदेखि प्रसारण सुरू गरेको हो । यो जिल्लामा ८ वटा रेडियो प्रसारणमा छन् (पोखरेल, २०७७) । रुपन्देही जिल्लामा लुम्बिनी एफएमले २०५६ माघ २७ देखि प्रसारण सुरू गरेको थियो भने जिल्लामा दर्जन भन्दा बढी रेडियो सञ्चालनमा छन् (मल्ल, २०७७) । दाङमा २०५८ साल मङ्सिरमा पहिलो सामुदायिक रेडियो स्वर्गद्वारी स्थापना भएकामा हाल सामुदायिक रेडियोको सङ्ख्या १४ पुगेको छ । जिल्लामा एउटा व्यावसायिक रेडियो पनि सञ्चालनमा छ (अधिकारी, २०७७) ।

बाँकेमा २०६० असोज १४ गते सामुदायिक रेडियो भेरी आवाजले प्रसारणको अनुमति पाएकामा अहिले २१ वटा रेडियो छन् जसमध्ये अधिकांश सामुदायिक हुन् । तर आधा दर्जन जति एफएम बन्द पनि भइसकेका छन् (खनाल, २०७७) । २०६२/०६३ को जनआन्दोलन सफलतापछि रेडियो स्थापना भएको प्युठानमा ७ वटा एफएम रेडियो दर्ता भएका छन् (भुसाल, २०७७) । लुम्बिनी प्रदेशमा १५२ वटा एफएम रेडियोले इजाजत लिएका देखिन्छ ।

### जिल्लागत आधारमा एफएम रेडियो

| जिल्ला | एफएम रेडियो |
|---|---|
| अर्घाखाँची | ९ |
| कपिलवस्तु | १६ |
| गुल्मी | ८ |
| दाङ | १९ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १० |
| पाल्पा | १० |
| प्युठान | ७ |
| बर्दिया | ९ |
| बाँके | २१ |
| रूकुम (पूर्व) | ६ |
| रुपन्देही | २७ |
| रोल्पा | १० |
| जम्मा | १५२ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## तीन दशकको टेलिभिजन इतिहास

पाल्पामा २०४९ सालमै रत्न केबलमार्फत स्थानीय घटनाहरूको समाचार प्रसारण गर्ने गरेकामा यो टेलिभिजन २०६० सालमा बन्द भयो । त्यसै वर्ष जिल्लामा श्रीनगर टेलिभिजन दर्ता भएको र अहिले ३ वटा टेलिभिजन दर्ता र सञ्चालनमा रहेका पाइन्छ (पोखरेल, २०७७) । २०५२ साल असार ३१ मा बाँकेको कोहलपुरमा नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारण केन्द्रका रूपमा स्थानीय समाचार र कार्यक्रमको प्रसारण थालनी भएको हो । रूपन्देही जिल्लामा २०६५ भदौमा लुम्बिनी कम्युनिटी टेलिभिजन र २०६६ वैशाखमा बुद्ध सामुदायिक टेलिभिजनको प्रसारण सुरू भएको हो । त्यसयता भैरहवा टेलिभिजन, राज्य टेलिभिजन, साझा टेलिभिजन र देवदह टेलिभिजन स्थापना भएका छन् (मल्ल, २०७७) । त्यस्तै गुल्मी जिल्लामा २०७६ को असोजदेखि वि टेलिभिजनले प्रसारण गर्दै आएको छ (अर्याल, २०७७) ।

### जिल्लागत आधारमा टेलिभिजन

| जिल्ला | टेलिभिजन |
|---|---|
| अर्घाखाँची | २ |
| कपिलवस्तु | १ |
| गुल्मी | १ |
| दाङ | ३ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २ |
| पाल्पा | ६ |
| प्युठान | ० |
| बर्दिया | ० |
| बाँके | २ |
| रूकुम (पूर्व) | ० |
| रूपन्देही | ५ |
| रोल्पा | १ |
| जम्मा | २३ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## बढ्दो अनलाइन सङ्ख्या

लुम्बिनी प्रदेशमा सञ्चालनमा भएका प्रायः मिडिया अनलाइनमा पनि गएका छन् । अनलाइनमात्र खोल्ने क्रम पनि बढेको छ । कोभिड कहरका कारण पनि अनलाइनको सङ्ख्या बढ्न पुगेको हो । अनलाइनका कारण समाचार तथा विचार तत्काल प्रवाह गर्न सहज भएको छ । दर्ता भएका सबै अनलाइन उत्तिकै सक्रिय भने छैनन् ।

**जिल्लागत आधारमा अनलाइन**

| जिल्ला | अनलाइन |
|---|---|
| अर्घाखाँची | ८ |
| कपिलवस्तु | २२ |
| गुल्मी | ५ |
| दाङ | ४६ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २ |
| पाल्पा | १६ |
| प्युठान | ७ |
| बर्दिया | ५ |
| बाँके | ५३ |
| रूकुम (पूर्व) | ४ |
| रूपन्देही | ६३ |
| रोल्पा | ३ |
| जम्मा | २३४ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## अधिकांश पत्रकार महासङ्घमा आबद्ध

लुम्बिनी प्रदेशका सबै जिल्लामा पत्रकार सक्रिय छन् । धेरै पत्रकार नेपाल पत्रकार महासङ्घमा आबद्ध छन् । तर केही पत्रकार महासङ्घमा आबद्ध नभएर पनि क्रियाशील छन् । जिल्लामा पत्रकारहरु आंशिक र पूर्णकालीनरूपमा सक्रिय छन् । नेपाल पत्रकार महासङ्घको सदस्यता लिएका पत्रकारको सङ्ख्या १८०६ छ । त्यसमा १४६२ पुरूष र ३४४ महिला छन् ।

## अवसर र चुनौती

लुम्बिनी प्रदेशका मिडियामा १ अर्ब रूपियाँ भन्दा बढी लगानी भएको देखिन्छ । रेडियोमा सबै भन्दा बढी लगानी भएको पाइन्छ । रेडियोमा मात्रै झण्डै ५४ करोड रूपियाँ हाराहारीमा लगानी भएको देखिन्छ । लुम्बिनी प्रदेशको छापा माध्यममा पनि झण्डै रेडियोकै हाराहारीमा लगानी भएको देखिन्छ । छापा माध्यममा ५० करोड रूपियाँ भन्दा बढीको लगानी छ (पाठक, २०७७) । लुम्बिनी प्रदेशका टेलिभिजनमा १३ करोड २० लाख रूपियाँ लगानी भएको देखिन्छ । पछिल्लो समय अनलाइन मिडियामा समेत उल्लेख्य मात्रामा लगानी हुन थालेको छ । यसरी मिडियामा यति धेरै परिमाणमा लगानी हुनु सकारात्मक सूचक हो । त्यति हुँदाहुँदै पनि लुम्बिनीका अधिकांश सञ्चार माध्यम आर्थिक अभावबाट गुज्रिएका छन् जसले गर्दा संस्थागत विकास हुन सकेको पाइँदैन । विज्ञापनको भरपर्दो स्रोत नहुँदा सञ्चार माध्यमहरूले आर्थिक अभाव झेल्नुपरेको मात्रै होइन, गुणात्मक विकासमा पनि यो प्रमुख बाधकका रूपमा देखिन्छ । पत्रिका, रेडियो र अनलाइनमा 'कपी–पेस्ट' को समस्या छ भने पत्रकारहरु मिडियामा आबद्ध हुने र छाड्ने क्रम निरन्तर रहेकाले दक्ष जनशक्ति अभाव पनि उत्तिकै छ ।

विज्ञापन प्रकाशनको सवालमा अस्वस्थ प्रतिस्पर्धा छ । तोकिएको दर भन्दा निकै सस्तोमा विज्ञापन प्रकाशित गर्नेमात्र होइन, विज्ञापनकै कारण एउटा सञ्चार माध्यमले लेखेको समाचार अर्को प्रतिस्पर्धी मिडियाबाट खण्डन गर्ने/गराउने नकारात्मक अभ्यास पनि छ । यसै पनि आर्थिक सङ्कटमा रहेका सञ्चार माध्यमलाई कोभिड-१९ ले थिलथिलो बनाइदिएको छ । कोरोनाका कारण विज्ञापन बजार साँघुरिएसँगै सञ्चार माध्यमहरूले आर्थिक सङ्कट भोग्नुपरेको छ । सञ्चार माध्यमहरूलाई दैनिक खर्च सञ्चालनमा नै समस्या पर्न थालेपछि लगानीकर्ताहरु सरकारी सहयोगको अपेक्षामा बस्नुपर्ने अवस्थासमेत आएको छ । पत्रिका नियमितरूपमा प्रकाशित गर्ने र यसलाई पाठकसमक्ष पुऱ्याउने सन्दर्भमा छापा माध्यमले चुनौती सामना गर्नुपरेको छ । यातायातको समस्याका कारण छापा माध्यम सम्बन्धित जिल्लाको सदरमुकाममा मात्रै सीमित हुने गरेका छन् । छापामा प्रकाशित सामग्रीहरूको पहुँच ग्रामीण इलाकासम्म पुग्न सकेको छैन ।

छापा माध्यमको तुलनामा रेडियोको विज्ञापन बजार र पहुँच फराकिलो देखिन्छ । जिल्ला बाहिरका विभिन्न उद्योग र व्यापारिक प्रतिष्ठानहरूले पनि रेडियोमा विज्ञापन दिने गर्छन् । रेडियोको स्रोतासम्मको पहुँच पनि छिमेकी जिल्लासम्म फैलिएको

पाइन्छ । स्थानीय तहहरूले सूचनामूलक सामग्रीहरु प्रसारणका साथै प्रत्यक्ष प्रसारण गर्दा रेडियोहरूलाई प्रयोग गर्ने गरेकाले रेडियोका लागि ठूलो भरथेग भएको छ । कतिपय जिल्लामा स्थानीय सरकारबाट रेडियोहरूले सरकारी सहयोग पनि लिने गरेका छन् । रूकुम पूर्वमा रेडियोको स्थापना नै स्थानीय सरकारको सहयोगमा भएको छ । रेडियोहरूले लिने गरेका यस्तै सहयोगका कारण उनीहरु स्थानीय सरकारप्रति बढी बफादार हुन सक्ने सम्भावना पनि छ । यसले गर्दा स्थानीय सरकारहरूको काम/कारबाहीप्रति प्रश्न गर्ने र उत्तरदायित्व खोज्ने कुरामा कमी देखिन्छ । तर कोभिडका कारण विज्ञापन बजार खुम्चिए पनि रेडियोप्रति स्रोताको आकर्षण भने उत्तिकै छ ।

पछिल्लो समय पत्रिका र रेडियोले आफ्ना अनलाइन संस्करणलाई सक्रिय बनाएका छन् भने स्वतन्त्र हिसाबले अनलाइन सञ्चालन गर्ने अभ्यास पनि फस्टाएको छ । तर अनलाइनको जुन हिसाबले सङ्ख्यात्मक वृद्धि भएको छ, त्यसअनुरूप बजारीकरण गर्न र यसलाई दिगो हिसाबले सञ्चालन गर्ने कुरामा ध्यान पुगेको छैन । त्यस्तै अनलाइनमा आएको सङ्ख्यात्मक वृद्धिले प्रकाशित सामग्रीको गुणस्तरमा पनि प्रश्न उठाएको छ । अनलाइनहरूमा एकले अर्काको हुबहु नक्कल गर्ने प्रवृत्तिले 'कपी–पेस्ट' को समस्या देखिन थालेको छ । त्यतिमात्र होइन, विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्नेदेखि विज्ञापनका लागि अनावश्यक बार्गेनिङ गर्नेसम्मका विकृति पनि पत्रकारितामा देखिन थालेको छ ।


पत्रकारहरूले नियुक्तिपत्रबिना नै काम गरिरहेका अवस्था छ । सञ्चार गृहहरूले न्यूनतम पारिश्रमिक ऐनअनुरूप तलब भुक्तानी गर्ने गरेका छैनन् । यतिसम्म कि ऐन भन्दा निकै कम तलब भुक्तानी गर्दै आएका सञ्चार गृहले त्यस्तो पारिश्रमिक समेत समयमा दिने गरेका छैनन् । एकातिर अत्यन्तै थोरै तलब अर्कोतिर त्यो पनि अनियमित हुँदा पत्रकारहरूमा निराशा मात्रै आएको आएको छैन, दक्ष जनशक्ति पलायन हुने र नयाँ पुस्ता यो पेसाप्रति आकर्षित नहुने अवस्था पनि आएको छ ।

## कर्णाली प्रदेश :


# मिडियाको दिगो विकासमा समस्या

# कर्णाली प्रदेशमा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| ८५ | ५७ | ३ | ९१ |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| ३० | १ | ४३ | १ | ९ | ० | १ | ० |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| ८५ | २१ | १४ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| ८५९ | ७२८ | १३१ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# कर्णाली प्रदेशमा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
|---|---|---|---|---|
| हुम्ला | ३ | ३ | ० | ६ |
| कालीकोट | १३ | ९ | ० | १० |
| सुर्खेत | ३६ | १२ | ३ | ३५ |
| दैलेख | ४ | ४ | ० | ७ |
| मुगु | १ | ४ | ० | ० |
| जुम्ला | ७ | ६ | ० | ९ |
| डोल्पा | २ | १ | ० | १ |
| रुकुम (पश्चिम) | २ | ८ | ० | ११ |
| जाजरकोट | ९ | ४ | ० | १ |
| सल्यान | १४ | ६ | ० | ५ |



*स्रोत : प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभाग*

कर्णालीलाई संस्कृति, परम्परा, भाषा तथा सभ्यताको उद्गम थलोका रूपमा लिइन्छ । कर्णाली प्रदेश सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रूकुम पश्चिम, कालीकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा मिलेर बनेको छ । विकास र प्रशासनिक केन्द्रका हिसाबले अहिलेको मुकाम सुर्खेत अग्रस्थानमा रहे पनि पत्रकारिताको सुरूवात भने साबिकको कर्णालीको मुकाम जुम्लाबाट भएको पाइन्छ । जुम्लाबाट २०१५ सालमा ज्ञानज्योति नामक पत्रिका प्रकाशन भएको इतिहास छ । ज्ञान प्रकाश पुस्तकालयको दोस्रो वार्षिकोत्सवका अवसरमा प्रकाशित यो पत्रिका काठमाडौँमा छापिएर जुम्लामा वितरण गरिएको थियो जसको प्रकाशन भीमप्रसाद श्रेष्ठले गरेका हुन् । जुम्लाबाटै २०२० सालमा पञ्चायती सरकारको रेखदेख र नियन्त्रणमा कर्णाली समाचार पत्रिकाको प्रकाशन सुरू भयो । यसैलाई साविकको कर्णाली अञ्चल (हालको कर्णाली प्रदेश) बाट प्रकाशित हुने पहिलो पत्रिका भन्ने गरिन्छ । यो पत्रिका रत्नाकर गिरीले प्रकाशन गरेका थिए ।

२०२६ सालतिर काठमाडौँमा बसी अध्ययन गर्ने जुम्लाका केही उत्साहित विद्यार्थी युवाहरूको सक्रियतामा गठित कर्णाली

विद्यार्थी हित समितिले बेन्नु नामक पत्रिका सामयिक सङ्कलनका रूपमा प्रकाशित गर्न थाले । यसका संस्थापक रत्नाकर देवकोटा र अङ्गध्वज शाह थिए । त्यसै वर्ष स्थानीय लेखकहरूको प्रयासमा प्रेममान श्रेष्ठको सम्पादकत्वमा प्रतिमा पत्रिका प्रकाशन भयो । यो पनि एक अङ्कमै सीमित भयो । त्यसैबेला प्रकाश मैनाली र लेखक लेल्तेको संयुक्त सम्पादकत्वमा कर्णाली समाचारको पुनः प्रकाशन सुरू भयो । २०२९ सालमा राष्ट्रिय समाचार समितिका सहसम्पादक भैरव रिसाल जुम्ला भ्रमणमा पुगेका बेला स्थानीय राजनीतिकर्मीहरूले जुम्लामा रासस र गोरखापत्र दैनिकका प्रतिनिधि राख्नुपर्ने सुझाव दिएका थिए । पछि रत्नाकर देवकोटा रासस प्रतिनिधिमा नियुक्त भए । जुम्लाका गतिविधिका समाचारले गोरखापत्रमा ठाउँ पाउन थाले । देवकोटाले तलिचौरस्थित आफ्नै घरमा देवकोटा पुस्तकालय खोलेपछि कर्णाली प्रवाह नामक हस्तलिखित पाक्षिक पत्रिका केही समयसम्म प्रकाशित भयो । तर यसले कतैबाट पनि सहयोग र प्रोत्साहन पाउन नसकेपछि बन्द भयो ।

यता सुर्खेतमा २०२७ सालमा सिम्तदराको भानु मावि बजेडीचौरको सक्रियतामा जूनकीरी साहित्यिक पत्रिकाको प्रकाशन भएको पाइन्छ । यो पत्रिकाको प्रकाशकमा भेरी छात्र परिवार वाराणसी उल्लेख भएको पाइए पनि यसको प्रकाशक भने भानु मावि बजेडीचौर नै थियो । यो पत्रिकाको सञ्चालक जनकराज शर्मा थिए । प्रशासनले गर्दा यो पत्रिकाको दोस्रो अङ्क बजारमा आउन पाएन ।

२०२८ सालमा पब्लिक हाइ स्कुल वीरेन्द्रनगर सुर्खेतले सुर्खेती नामक पत्रिका प्रकाशन सुरू गर्‍यो । यसको प्रधान सम्पादक पब्लिक हाइस्कुलका प्रधानाध्यापक पद्माकेशर खनाल थिए । यो पत्रिकामा प्रकाशित रचनाहरूमा क्रान्तिकारी भावना र पञ्चायती व्यवस्थाप्रतिको विरोध भएकाले पञ्चायती व्यवस्थाका हिमायतीहरूले छापा मारेर पत्रिकाको दोस्रो अङ्क बजारमा आउनुअघि नै जलाएका थिए । त्यसपछि कर्मचारी मिलन केन्द्र, वीरेन्द्रनगर बहुमुखी क्याम्पस, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेती कल्याण समाज काठमाडौँ, कर्णाली-भेरी एकीकृत विकास परियोजना (केवर्ड) लगायतका सङ्घ/संस्थाले आफ्ना मुखपत्रहरू प्रकाशन गरे ।

कर्णालीमा औपचारिक दर्ता भएर सञ्चालनमा आएको पहिलो पत्रिका भने बुलबुले साप्ताहिक हो । यो पत्रिका टङ्कप्रसाद भट्टराईले २०३९ सालमा प्रकाशित गरेका थिए । २०४६ सालको जनआन्दोलनपछिको खुला वातावरणमा कर्णालीमा

पत्रकारिताको विकास र विस्तार भएको पाइन्छ । यो अवधिमा जूनकीरी, सुर्खेती, अठोट, क्याम्पस बुलेटिन, पानस, स्मारिका, सिद्धपाइला, कविता कोशेली, कथा कोशेली, साहित्य सौगात, साहित्य सुमन, ज्वाला, काँक्रेबिहार, नवज्योति, सुर्खेत सुमन, चिनारी, बाल संसारलगायतका पत्रिका प्रकाशन भएको पाइन्छ । यी पत्रपत्रिका केही समाचारमूलक भए पनि अधिकांश साहित्यिक थिए ।

प्रजातन्त्र स्थापनापछि २०४९ सालमा चिरञ्जीवी अर्यालले सुशेली साप्ताहिक सुरू गरे । त्यसपछि कर्णाली प्रदेशका विभिन्न जिल्लामा पत्रिका खोल्ने क्रम बढेको पाइन्छ । निरङ्कुश शासनविरूद्ध माहोल सिर्जना गर्न पनि कर्णालीका प्रेसको भूमिका महत्वपूर्ण रहेको पाइन्छ । २०६२/६३ सालको जनआन्दोलनपछि पत्रिका दर्ता गर्ने क्रम पहिलेको तुलनामा बढेको देखिन्छ । कर्णाली प्रदेशका जिल्लाहरूमा प्रकाशन दर्ता अभिलेख भएका पत्रिकाको सङ्ख्या ८५ छ । त्यसमध्ये २१ वटा पत्रिका नियमित छन् ।

**कर्णाली प्रदेशका जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कालीकोट | ३ | ० | ७ | ० | ० | ० | ० | ० | १० |
| जाजरकोट | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| जुम्ला | ३ | ० | ५ | ० | १ | ० | ० | ० | ९ |
| डोल्पा | ० | ० | १ | ० | ० | ० | ० | ० | १ |
| दैलेख | ३ | १ | ३ | ० | ० | ० | ० | ० | ७ |
| मुगु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| रूकुम | ० | ० | ८ | १ | २ | ० | ० | ० | ११ |
| सल्यान | १ | ० | ३ | ० | ० | ० | १ | ० | ५ |
| सुर्खेत | १८ | ० | १३ | ० | ४ | ० | ० | ० | ३५ |
| हुम्ला | १ | ० | ३ | ० | २ | ० | ० | ० | ६ |
| जम्मा | ३० | १ | ४३ | १ | ९ | ० | १ | ० | ८५ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## एफएम रेडियोको पहुँच

कर्णाली प्रदेशमा २०६१ साल असारमा जुम्लामा एफएम रेडियो स्थापना भएको हो । कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक नेपाल) ले जुम्लामा रेडियो कर्णाली सुरू गरेको थियो । २०६३ सालपछि एफएम रेडियोको सङ्ख्या बढ्यो । जनआन्दोलनका क्रममा एफएम रेडियोले सूचना प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । २०६३ सालपछि बनेका सरकारले एफएमको लाइसेन्स वितरण खुकुलो पारे । त्यसको फाइदा कर्णाली प्रदेशले पनि उठायो । कर्णालीका सबै जिल्लामा रेडियोको पहुँच छ ।

**जिल्लागत आधारमा एफएम रेडियो**

| जिल्ला | एफएम रेडियो |
|---|---|
| कालीकोट | ९ |
| जाजरकोट | ४ |
| जुम्ला | ६ |
| डोल्पा | १ |
| दैलेख | ४ |
| मुगु | ४ |
| रूकुम (पश्चिम) | ८ |
| सल्यान | ६ |
| सुर्खेत | १२ |
| हुम्ला | ३ |
| जम्मा | ५७ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## प्रसारणमा एउटा टेलिभिजन

कर्णालीमा एउटा मात्रै एचडी टेलिभिजन प्रसारण भइरहेको छ । प्रदेश राजधानी सुर्खेतबाट मोन्टाज मिडिया प्रालिले देउती एचडी टेलिभिजन सञ्चालन गरेको छ । यसबाहेक कर्णालीमा अरू टेलिभिजन सञ्चालनमा छैनन् । २०७० मा दर्ता भएका सुर्खेत मिडिया नेटवर्क प्रालि र जियो लिङ्क प्रालिले प्रशारण अनुमति लिए पनि अहिलेसम्म टेलिभिजन प्रसारण भने भएको पाइँदैन ।

**जिल्लागत आधारमा टेलिभिजन**

| जिल्ला | टेलिभिजन |
| --- | --- |
| कालीकोट | ० |
| जाजरकोट | ० |
| जुम्ला | ० |
| डोल्पा | ० |
| दैलेख | ० |
| मुगु | ० |
| रूकुम (पश्चिम) | ० |
| सल्यान | ० |
| सुर्खेत | ३ |
| हुम्ला | ० |
| जम्मा | ३ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## हुम्लाको अनलाइन

कर्णालीमा अनलाइन पत्रकारिता फस्टाएको छ । कर्णालीको पहिलो अनलाइनका रूपमा प्रेस काउन्सिलमा इकचहरी डटकम सूचीकरण भएको हो । कचहरी मिडिया हाउस प्रालि हुम्लाले सुरू गरेको यो अनलाइन २०७१ वैशाख ४ गते काउन्सिलमा सूचीकरण भएको थियो । त्यसपछि सुर्खेत, सल्यान, कालीकोट, दैलेख, जाजरकोटलगायत जिल्लामा अनलाइन खुल्ने क्रम बढेको छ । प्रेस काउन्सिल नेपालमा सूचीकरण भएको अनलाइनको सङ्ख्या ९१ पुगेको छ ।

जिल्लागत आधारमा अनलाइन

| जिल्ला | अनलाइन |
|---|---|
| कालीकोट | १३ |
| जाजरकोट | ९ |
| जुम्ला | ७ |
| डोल्पा | २ |
| दैलेख | ४ |
| मुगु | १ |
| रूकुम (पश्चिम) | २ |
| सल्यान | १४ |
| सुर्खेत | ३६ |
| हुम्ला | ३ |
| जम्मा | ९१ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## मिडियाप्रति आकर्षण

कर्णाली प्रदेशमा पछिल्लो समय मिडियाप्रतिको आकर्षण बढ्दो छ । सोही क्रममा पत्रकारहरूको सङ्ख्या पनि बढ्दै गएको छ । कर्णाली प्रदेशभर नेपाल पत्रकार महासङ्घको सदस्यता लिने पत्रकारको सङ्ख्या ८५९ छ । त्यसमा ७२८ पुरूष र १३१ महिला पत्रकार छन् ।

## विज्ञापन अभाव

कर्णालीको पत्रकारितामा विगतको तुलनामा व्यावसायिकता बढेको छ । तर पनि समस्या र चुनौती छन् । केही केन्द्रीय मिडियामा आबद्ध पत्रकारले न्यूनतम पारिश्रमिक पाउने गरे पनि जिल्लामा सञ्चालित सञ्चार माध्यममा कार्यरत पत्रकारले न्यूनतम पारिश्रमिक नपाएको अवस्था पनि छ । मिडिया र पत्रकारको सङ्ख्या बढेसँगै उनीहरूको पेसागत सुरक्षा र पारिश्रमिक पाउनेमा विभिन्न बाधा अड्चन छन् । जसलाई सहजीकरण गर्न मिडियासँग सम्बन्धित संस्थाहरु कर्णालीमा सक्रिय छन् । पत्रकार महासङ्घ र अन्य संस्थाले पत्रकारको पेसागत सुरक्षा र


पारिश्रमिकका पक्षमा वकालत गरेका छन् । मिडियाको बजार तुलनात्मकरूपमा धेरै ठूलो छैन । विज्ञापन बजार पनि सानै छ । यस्तो अवस्थामा आर्थिक हिसाबले सक्षम बन्ने कुरा नै कर्णाली प्रदेशमा मिडिया र पत्रकारका लागि चुनौती बनेको छ । सुर्खेतको युग आह्वान राष्ट्रिय दैनिकका प्रकाशक/सम्पादक दीपककुमार बुढा क्षत्रीका अनुसार सार्वजनिक खरिद ऐन, नियमावली तत्काल संशोधनका साथै मोफसलका आमसञ्चार माध्यममा स्रोत वृद्धि हुने गरी राज्यका तीनै तहबाट बन्ने ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि सञ्चार माध्यमहरूको स्पष्ट भूमिकासहितको सञ्चारमैत्री बन्नु आवश्यक छ (बुढा क्षत्री, सन् २०२०) ।

## सुदूरपश्चिम प्रदेश :


# सीमान्तकृत समुदायको आवाज

# सुदूरपश्चिम प्रदेशमा मिडिया र पत्रकार

| पत्रपत्रिका | रेडियो | टेलिभिजन | अनलाइन |
|---|---|---|---|
| २०८ | ११३ | १ | ९७ |




| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य |
|---|---|---|---|---|---|---|---|
| ६८ | ९ | ११९ | ४ | २ | ४ | २ | ० |





| प्रकाशन दर्ता अभिलेख भएका पत्रपत्रिका | प्रकाशित पत्रिका | नियमित प्रकाशित पत्रिका |
|---|---|---|
| २०८ | ४६ | २६ |

| पत्रकारको सङ्ख्या | पुरुष पत्रकार | पत्रकार महिला |
|---|---|---|
| १२१२ | १०४९ | १६३ |

*स्रोत : प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग र नेपाल पत्रकार महासङ्घ*

# सुदूरपश्चिम प्रदेशमा जिल्लागत आधारमा मिडिया

| जिल्ला | अनलाइन | एफएम रेडियो | टेलिभिजन | पत्रपत्रिका |
|---|---|---|---|---|
| दार्चुला | ८ | १३ | ० | ६ |
| बैतडी | ४ | ७ | ० | ५ |
| डोटी | ३ | ७ | ० | १२ |
| बझाङ | १ | ११ | ० | ५ |
| बाजुरा | ९ | ६ | ० | ५ |
| कञ्चनपुर | १२ | १३ | ० | ७२ |
| डडेलधुरा | ४ | ७ | ० | १६ |
| अछाम | ६ | १४ | ० | ९ |
| कैलाली | ५० | ३५ | १ | ७८ |



*स्रोत : प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभाग*

सुदूरपश्चिम प्रदेशमा ९ वटा जिल्ला छन्– कैलाली, बझाङ, बाजुरा, डोटी, अछाम, कञ्चनपुर, दार्चुला, बैतडी र डडेल्धुरा । सुदूरपश्चिम प्रदेशमा ६ दशकअघिदेखि पत्रकारिता सुरू भएको पाइन्छ । हुन त सुदूरपश्चिम प्रदेशको डोटीमा २०१३ सालमा हस्तलिखित पत्रिका प्रकाशन भएको मानिन्छ । तर यसको आधिकारिक अभिलेख छैन । २०१७ सालमा पञ्चायती व्यवस्था सुरू भएको केही समयपछि स्थानीय तह (जिल्ला पञ्चायत, अञ्चल पञ्चायत) बाट मुखपत्रका रूपमा पत्रपत्रिका प्रकाशन हुन थालेको देखिन्छ (पाठक र स्वाँर, २०७२) । यस प्रदेशमा २०२२ सालमा दार्चुलाबाट हिमालय र २०२३ सालमा महाकाली तथा सेती सन्देश नामक पत्रिका प्रकाशन भएका थिए । यी सबै पत्रिका जिल्ला तथा अञ्चल पञ्चायतद्वारा प्रकाशित थिए ।

२०२७ मा रामबहादुर चन्दको सम्पादनमा महाकाली अञ्चल समितिले महाकाली सन्देश नामक पत्रिका प्रकाशन गरेको थियो । पछि २०३३ सालमा चन्दले नै कञ्चनपुरको महेन्द्रनगरमा आफ्नै प्रिन्टिङ प्रेस स्थापना गरेर वार्ता साप्ताहिक पत्रिकाको प्रकाशन प्रारम्भ गरे । यसलाई सुदूरपश्चिम प्रदेशमा निजी क्षेत्रको लगानीमा प्रकाशन भएको पहिलो पत्रिका मानिन्छ ।

त्यसपछि २०३६ सालमा धनगढीमा जितसिंह भण्डारीले खप्तड सन्देश साप्ताहिक प्रकाशन सुरू गरे । त्यसको अर्को वर्ष २०३७ सालमा खडकबहादुर सिंह प्रकाशक, मोहनराज मल्ल व्यवस्थापक तथा शङ्करप्रसाद शर्मा सम्पादक रहेर धनगढीबाट परिचर्चा साप्ताहिक पत्रिकाको प्रकाशन सुरू भयो । सामूहिक उत्तरदायित्वद्वारा पत्रकारिता गरिने एक नयाँ प्रवृतिको यसले थालनी गर्‍यो (ओझा, २०५८) ।

अम्बिकाप्रसाद उपाध्यायको सम्पादकत्वमा मातृसन्देश साप्ताहिक र घनबहादुर शाहको सम्पादकत्वमा सेती समाचार साप्ताहिकको प्रकाशन सुरू भयो । २०३६ सालको जनमत सङ्ग्रहले नेपालको राजनीतिमा निकै ठूलो तरङ्ग सिर्जना गर्‍यो । राजनीतिकरुपमा केही खुकुलो अवस्था देखिएसँगै निजी क्षेत्रबाट पत्रिका प्रकाशनको गति तीव्र बन्दै गयो । २०४३ सालमा महेन्द्रनगरबाट महाकाली साप्ताहिक प्रकाशन सुरू भयो । धनगढी र महेन्द्रनगरबाट प्रकाशित भइरहेका साप्ताहिक पत्रिकाहरू पनि नियमित भए ।

२०४६ सालको राजनीतिक परिवर्तनसँगै आएको खुकुलोपन, उदार अर्थनीति, खुला बजार नीति, प्रेस स्वतन्त्रता, मानव अधिकार, नागरिक अधिकारका क्षेत्रमा आएको सकारात्मक परिवर्तनसँगै सञ्चार क्षेत्रमा पनि प्रभाव देखियो । २०४६ सालको जनआन्दोलनपछि नेपाली कङ्ग्रेस कैलालीले परेम बोली नामक मुखपत्र प्रकाशन सुरू गर्‍यो । त्यसको केही समयपछि आलोक साप्ताहिक सुरू भयो । २०४७ सालमा डडेलधुराबाट जनमानस, २०४९ सालमा महेन्द्रनगरबाट जनवार्ता साप्ताहिक, दार्चुलाबाट जानकी साप्ताहिक, २०५१ सालमा बैतडीबाट ग्वाल्लेक साप्ताहिकको प्रकाशन सुरू भएको पाइन्छ ।

त्यस्तै, २०५२ सालमा महेन्द्रनगरबाट नयाँ मुलुक, २०५३ सालमा सार्थक, २०५३ सालमा श्री नेपाल टाइम्सलगायतका पत्रिका प्रकाशन सुरू भयो । धनगढीबाट सुदूर साप्ताहिक र अनुपमा साप्ताहिकको प्रकाशन आरम्भ भयो । पञ्चायतकालदेखि नै

प्रकाशन भइरहेका धनगढी तथा महेन्द्रनगरका सेती समाचार, खप्तड सन्देश, मातृ सन्देश, महाकालीलगायतका पत्रिकाको प्रकाशन पनि जारी रह्यो ।

सुदूरपश्चिम प्रदेशमा २०५३/०५४ सालबाट दैनिक पत्रिका प्रकाशन आरम्भ भएको पाइन्छ (पाठक र स्वाँर, २०७२) । धनगढीबाट सेती समाचार साप्ताहिक दैनिक पत्रिकाका रूपमा प्रकाशन सुरू भयो । लगत्तै कञ्चनपुर, महेन्द्रनगरबाट फारवेस्ट टाइम्स दैनिक सुरू भयो । त्यसको केही महिनापछि कञ्चनपुरबाटै श्री नेपाल टाइम्स दैनिक प्रारम्भ भयो । महेन्द्रनगर र धनगढीमा अफसेट प्रिन्टिङ प्रेस सञ्चालनमा आएपछि पत्रपत्रिका प्रकाशनमा उल्लेख्य परिवर्तन आएको देखिन्छ । महेन्द्रनगरबाटै खेम भण्डारीले अभियान (२०५३) र डिआर पन्तले गुडमर्निङ (२०५४) पत्रिका प्रकाशित गरेको पाइन्छ । यसरी धनगढीबाट अम्बिकाप्रसादले मातृसन्देश, लीलानाथ ओझाले सुदूरसाप्ताहिक, मनमोहन स्वाँरले आलोक, जितसिंह भण्डारीले खप्तड सन्देश साप्ताहिकरूपमा र ऋषिराज लुम्सालीले कुटियाङ्दी दैनिक एक नमुना अङ्कसम्म प्रकाशित गरेको पाइन्छ (ओझा, २०५८) । जितेन्द्र लेखकले कञ्चन एक्सप्रेस साप्ताहिक (२०५५) र त्यसैबेला तीर्थबहादुर विष्टले निहारिका साप्ताहिक प्रकाशन गर्ने स्वीकृति लिए । सुदूरपश्चिमाञ्चल तारा साप्ताहिक (२०५५), राष्ट्र दूत (२०५५) मा दर्ता भएलगत्तै कर्णदेव भट्टले दैनिक पत्रिकाका रूपमा फारवेस्ट टाइम्स दर्ता गराइ प्रकाशन सुरू गरे ।

दैनिक पत्रिकाका रूपमा धनगढी र महेन्द्रनगरबाट प्रकाशित हुने उद्देश्यले २०५७ साउनमा श्री नेपाल टाइम्स दैनिकलाई प्रधान सम्पादक करूणाकर पाण्डे र प्रकाशक/सम्पादक रूद्रराज पनेरूले दर्ता गराएपछि पत्रकारिताको क्षेत्रमा २ जिल्लाबाट एकै पत्रिका प्रकाशित हुने नयाँ परम्परा पनि श्रीगणेश भयो । यसै पत्रिकाको बाहिरी पृष्ठमा शीर्षकसँगै सेती र महाकालीबाट प्रकाशित एक मात्र क्षेत्रीय दैनिक भनी छापिएकाले पनि यस उद्देश्य पुष्टि गरेको पाइन्थ्यो (ओझा, २०५८) । क्षेत्रीय भाषा, संस्कृति, साहित्यप्रति रूचि लिने व्यक्ति र संस्थाहरूले पनि पत्रपत्रिका प्रकाशन थाले । डोटियाली भाषामा प्रकाशित डा. टेकराज पन्तको प्याउली, देवराज भट्टको घुघुती र वीरबहादुर चन्दको गुगुल्डी (२०५५) को प्रकाशन यसका उदाहरण हुन् । सुदूरपश्चिमको पत्रकारिताले नयाँ फड्को मार्‍यो र दैनिक अखबार निस्कने उत्साह थपियो (ओझा, २०६०) । २०५८ माघसम्ममा धनगढीमा २८ र महेन्द्रनगरमा ३८ गरेर जम्मा ६६ वटा पत्रिका दर्ता भए (अधिकारी, २०५८) ।

सुदूरपश्चिम प्रदेशमा पत्रकारिताको विकासमा २०५४ देखि २०६३ सालसम्मको अवधि निकै उल्लेख्य छ । यो अवधिमा निजी क्षेत्रका पत्रपत्रिकाले व्यावसायिक यात्रा आरम्भ गरेका थिए । यसअघिसम्म साप्ताहिक पत्रिकाका पाठक (ग्राहक) प्रायः सरकारी कार्यालय हुन्थे भने पत्रिकाको आम्दानीको मुख्य स्रोत भनेको दसैँ/तिहार, नयाँ वर्ष जस्ता दिनमा प्राप्त हुने शुभकामना सन्देश, कहिलेकाहीँ प्राप्त हुने सरकारी सूचना (टेन्डर आदि) तथा न्यून सङ्ख्यामा ग्राहक शुल्क हुने गर्थ्यो । धनगढी र महेन्द्रनगरबाट दैनिक पत्रिका प्रकाशन आरम्भ भएपछि व्यावसायिक पत्रकारिताको विकासले गति लिन थालेको मानिन्छ । यो अवधिमा कैलाली र कञ्चनपुरबाट दैनिक तथा साप्ताहिक पत्रिकाको सङ्ख्या थपिँदै गए । २०५४ सालसम्म कैलालीसहित सेती अञ्चलमा ११ वटा पत्रिका दर्ता भएकामा २०६३ सालसम्म २५ वटा नयाँ पत्रिका दर्ता थपिएर ३६ पुगेका थिए । त्यस्तै, कञ्चनपुरसहित महाकाली अञ्चलमा २०५३ सालसम्म पत्रिका दर्ता सङ्ख्या ७ रहेकामा २०६३ सालसम्म २८ वटा थपिएर ३५ पुगेको थियो । समग्रमा सुदूरपश्चिम प्रदेशमा यस १० वर्षको अवधिमा ५३ नयाँ पत्रिका दर्ता भएका थिए ।

सुदूरपश्चिम प्रदेशमा २०५४ सालदेखि २०६३ सालको अवधिमा नयाँ पत्रपत्रिका प्रकाशनको गति मात्रै तीव्र भएको होइन, यो अवधिमा निजी क्षेत्रका स्थानीय पत्रपत्रिकाप्रति पाठकको विश्वास पनि वृद्धि भएको थियो । दैनिक पत्रिका खरिद गरेर पढ्ने बानी पनि क्रमशः विकास हुँदै गएको थियो । स्थानीय पत्रपत्रिकामा सरकारी सूचना, व्यापारिक विज्ञापन वृद्धि हुँदै गएको थियो । स्थानीय पत्रपत्रिकामा स्थानीय समाचार सामग्रीको मात्रामा सुधार आउन थाल्यो । पत्रकारिता क्षेत्रमा नयाँ पुस्ताको आकर्षण बढ्न थालेको थियो ।

यसका साथै सुदूरपश्चिम प्रदेशमा स्थानीय भाषामा समेत पत्रिका प्रकाशनको क्रम सुरू भयो । डोट्याली भाषामा प्याउली, घुघुती, गुगुल्डी पत्रिका प्रकाशन सुरू भए । २०६२/०६३ को सफल जनआन्दोलनपछि सुदूरपश्चिम प्रदेशमा नयाँ पत्रपत्रिका खुल्ने क्रम निकै बढेको थियो । प्रेस काउन्सिलको ४६औँ वार्षिक प्रतिवेदनअनुसार सुदूरपश्चिम प्रदेशका जिल्लामा २०८ वटा पत्रिका दर्ता भएका छन् । त्यसमध्ये ४६ वटा पत्रिका प्रकाशित भएका छन् भने नियमितचाहिँ २६ वटामात्र छन् ।

**सुदूरपश्चिम प्रदेशका जिल्लामा प्रकाशन दर्ता अभिलेख भएका पत्रिका**

| जिल्ला | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अछाम | ३ | ० | ५ | १ | ० | ० | ० | ० | ९ |
| कञ्चनपुर | २९ | २ | ३७ | ० | २ | १ | १ | ० | ७२ |
| कैलाली | २९ | ४ | ३९ | ३ | ० | २ | १ | ० | ७८ |
| डडेल्धुरा | ४ | १ | ११ | ० | ० | ० | ० | ० | १६ |
| डोटी | ० | ० | १२ | ० | ० | ० | ० | ० | १२ |
| दार्चुला | २ | १ | ३ | ० | ० | ० | ० | ० | ६ |
| बझाङ | ० | १ | ३ | ० | ० | १ | ० | ० | ५ |
| बाजुरा | ० | ० | ५ | ० | ० | ० | ० | ० | ५ |
| बैतडी | १ | ० | ४ | ० | ० | ० | ० | ० | ५ |
| जम्मा | ६८ | ९ | ११९ | ४ | २ | ४ | २ | ० | २०८ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## एफएम रेडियोको पहुँच

सुदूरपश्चिम प्रदेशमा २०६१ सालदेखि एफएम रेडियो प्रसारण सुरू भएको हो । २०६१ साल भदौ १२ गते कैलालीको अत्तरियाबाट घोडाघोडी एफएमको प्रसारण सुरू भएको थियो । सोही वर्ष बझाङबाट पनि एफएम रेडियो प्रसारण भयो ।

धनगढी, कञ्चनपुर जस्ता अपेक्षाकृत शहरी इलाका अथवा जिल्ला सदरमुकामहरूमा मात्रै नभएर गाउँ-गाउँमा समेत एफएम रेडियो सञ्चालन हुने क्रम जारी छ । सुदूरपश्चिम प्रदेशमा रेडियोको पहुँच सबै भन्दा बढी छ । यस क्षेत्रमा ४८ प्रतिशत जनसङ्ख्यामा रेडियोको पहुँच छ (मिडियाको अवस्था र पहुँच : २०७३) । करिव २ दशकमा रेडियोको सङ्ख्या पनि धेरै बढेको छ । प्रभावका हिसाबले सुदूरपश्चिम प्रदेशमा रेडियोको दबदबा बढी छ । सुदूरपश्चिम प्रदेशमा ११३ वटा एफएम रेडियोले इजाजत पाएका छन् ।

### जिल्लागत आधारमा एफएम रेडियो

| जिल्ला | एफएम रेडियो |
| --- | --- |
| अछाम | १४ |
| कञ्चनपुर | १३ |
| कैलाली | ३५ |
| डडेलधुरा | ७ |
| डोटी | ७ |
| दार्चुला | १३ |
| बझाङ | ११ |
| बाजुरा | ६ |
| बैतडी | ७ |
| हुम्ला | ६ |
| जम्मा | ११३ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## सुदूरपश्चिम प्रदेशमा टेलिभिजन

सूचना तथा प्रसारण विभागबाट सुदूरपश्चिम प्रदेशमा बाबा टेलिभिजनले इजाजत लिएको छ । यो कैलालीबाट प्रसारित छ । कैलालीमा एसटिएस केबलले पनि एसटिएस टेलिभिजन सञ्चालन गरेको पाइन्छ ।

### जिल्लागत आधारमा टेलिभिजन

| जिल्ला | टेलिभिजन |
| --- | --- |
| अछाम | ० |
| कञ्चनपुर | ० |
| कैलाली | १ |
| डडेलधुरा | ० |
| डोटी | ० |
| दार्चुला | ० |
| बझाङ | ० |
| बाजुरा | ० |
| बैतडी | ० |
| जम्मा | १ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

## ९७ अनलाइन सूचीकरण

सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुरलगायतका जिल्लामा पछिल्ला वर्षहरूमा अनलाइन पत्रिका सञ्चालनको क्रम बढेको छ । प्रायः सञ्चार गृह (पत्रिका तथा एफएम) हरूले अनलाइन पत्रिका सञ्चालन गरिरहेका छन् । त्यस्तै, सञ्चारकर्मीहरूले पनि अनलाइन सञ्चालन गर्ने गरेका पाइन्छ । २०७८ साल फागुन पहिलो हप्तासम्ममा सुदूरपश्चिम प्रदेशका जिल्लाका ९७ वटा अनलाइन प्रेस काउन्सिल नेपालमा सूचीकरण भएका छन् ।

**जिल्लागत आधारमा अनलाइन**

| जिल्ला | अनलाइन |
|---|---|
| अछाम | ६ |
| कञ्चनपुर | १२ |
| कैलाली | ५० |
| डडेलधुरा | ४ |
| डोटी | ३ |
| दार्चुला | ८ |
| बझाङ | १ |
| बाजुरा | ९ |
| बैतडी | ४ |
| हुम्ला | ६ |
| जम्मा | ९७ |

*स्रोत : प्रेस काउन्सिल नेपाल*

## महासङ्घमा आबद्ध धेरै, क्रियाशील पत्रकार थोरै

सुदूरपश्चिम प्रदेशमा नेपाल पत्रकार महासङ्घमा आबद्ध पत्रकार/सञ्चारकर्मीहरूको सङ्ख्या १२१४ छ । जसमा १६३ जना पत्रकार महिला छन् । तर क्रियाशील पत्रकारहरूको सङ्ख्या भने करिब ४ सयको हाराहारीमा मात्र भएको आकलन छ । सुदूरपश्चिम प्रदेशमा पत्रकारले एउटा मिडियामा मात्र काम गर्छन् भने १ भन्दा धेरै मिडियामा पनि काम गरेका पाइन्छ । त्यसैगरी १ जना पत्रकारले छापा, रेडियो र अनलाइनमा काम गरेको पनि पाइन्छ । कतिपय पत्रकार स्थानीय र राष्ट्रिय मिडियामा पनि काम गर्छन् । राष्ट्रियस्तरका तथा ठूला आकारका केही मिडियाबाहेक धेरैले पत्रकारलाई नियमितरूपमा पारिश्रमिक नदिने र स्टिङ्गरका

रूपमा राख्ने भएकाले पनि एकै व्यक्तिले एक भन्दा बढी मिडियामा काम गर्नुपर्ने अवस्था छ । टेलिभिजनको हकमा प्रायःले ब्युरो कार्यालय बनाएका छन् । कतिपय ब्युरो प्रमुखसहितका पत्रकार र कर्मचारीहरूले स्थानीयस्तरमै विज्ञापन तथा प्रायोजित कार्यक्रमको व्यवस्था गरेर आफ्नो खर्च आफैँ व्यवस्थापन गरिरहेका पाइन्छ ।

## फैलिँदै मिडियाको भूमिका

तुलनात्मकरूपमा सुदूरपश्चिम प्रदेशमा मिडियाको सङ्ख्या बढेको पाइन्छ । लगानी, जनशक्ति र बजार बढेको छ । जसका कारण आमनागरिकमा सूचनाको पहुँच बढेको छ । मिडियाका विभिन्न प्लेटफर्मले गर्दा नागरिकले सामग्रीमा विविधता पाउनेमात्र होइन, आफ्ना भनाइ राख्ने अवसर पनि प्राप्त गरेका छन् । प्रादेशिक मुद्दाहरूले मिडियामा प्राथमिकता पाएका छन् । प्रदेशमा भएका घटनाहरूका लागि केन्द्रका मिडियामा भर पर्नुपर्ने अवस्था छैन । मिडियाहरूले सीमान्तकृत तथा पछाडि पारिएका समुदायका कुरा पनि उठान गरेका छन् । विकास निर्माण, स्वास्थ्य, आर्थिक, सामाजिक, राजनीतिकलगायतका विषयमा जनचेतना अभिवृद्धि गर्न मिडियाको भूमिका छ ।

सुदूरपश्चिम प्रदेशमा पत्रकारिता क्षेत्रका समस्या पनि छन् । दक्ष जनशक्ति अभाव, पेसाप्रति प्रतिबद्धताको कमी, सम्पादक र प्रकाशकबीच समन्वय अभाव, खोज पत्रकारिताको अभाव, आचारसंहिता पालना नहुनु जस्ता समस्या छन् । त्यस्तै पर्याप्त तयारी नगरी सञ्चार माध्यमहरू स्थापना गर्ने, पत्रकारहरू प्रदेश तथा स्थानीय सरकार र गैरसरकारी संस्थामुखी हुने प्रवृति पनि छ । त्यसैगरी सञ्चार गृहबीच अस्वस्थ प्रतिस्पर्धा पनि हुने गरेको छ । कोभिडको मारले गर्दा मिडियाको आम्दानी खुम्चिएको छ भने पत्रकारले आर्थिक समस्या भोग्नुपरेको छ । मिडियाहरू आर्थिकरूपले पारदर्शी छैनन् । र, कैयौँ मिडिया आर्थिकरूपले सबल पनि छैनन् । आर्थिकरूपले मिडियालाई कसरी सबल बनाउने भन्ने विषय चुनौतीका रूपमा छ ।

आम्दानीको सीमित स्रोत, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नहुने, पत्रकारहरू राजनीतिकरूपमा प्रभावित हुने, मिडिया सञ्चालकहरूको मिडियाबाहेक अरू क्षेत्रमा लगानी भएकाले स्वार्थको द्वन्द्व हुनेलगायत समस्या छन् । त्यसैगरी मिडिया साक्षरतामा पनि समस्या छ । सञ्चालनमा रहेका मिडियाले आफ्नो स्पष्ट लक्ष्य निर्धारण गरी सोहीअनुसार आर्थिक, प्राविधिक र जनशक्तिको व्यवस्थानलाई विशेष

ध्यान दिन जरूरी छ भने नयाँ सञ्चार माध्यम खोल्नुपूर्व सम्भाव्यता अध्ययन गरी प्राविधिक, आर्थिक र व्यावसायिक कार्ययोजना तयार पार्ने, समाचार कक्षको कार्यसम्पादनका लागि छुट्टाछुट्टै जिम्मेवारी तोकी जनशक्ति परिचालन गर्ने, पत्रकार र कर्मचारीका लागि तालिम तथा अभिमुखीकरण व्यवस्था गर्नेलगायतमा थप काम भए सुदूरपश्चिम प्रदेशमा मिडियाको गुणस्तरमा सुधार हुनुका साथै सङ्ख्या पनि बढ्ने र विश्वसनीयता आर्जन गर्न पनि थप सहज हुने अवस्था देखिन्छ ।

# सन्दर्भ सामग्री


अनलाइनखबर डटकम । २०७८ । वाग्मती साक्षर प्रदेश घोषणा । Retrieved Feb 28, 2022 from https://www.onlinekhabar.com/2021/09/1019300

अधिकारी, कृष्ण । २०५८ । पत्रकारिताको आँखीझ्यालमा धनगढी र महेन्द्रनगर । प्रत्युष वन्त (सं) । *क्षेत्रीय मिडिया विगत र वर्तमान* (पृ.२८६-३००) । काठमाडौँ : मार्टिन चौतारी ।

अधिकारी, सन्तोष । २०७७ । दाङको पत्रकारिता र चुनौती । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.२९-३७) । पाल्पा : पाल्पा विकास केन्द्र ।

अधिकारी, द्रोण । सन् २०२० । झापाली पत्रकारिताको इतिहास अध्ययन । Retrieved Feb 20, 2022 from https://pratidindaily.com/38698/

अधिकारी, हरिविनोद । २०७८ । पत्रकारिता पहिले सुरू भयो कि शिक्षण ? म पत्रकार हुँ ? शिक्षक पनि हुँ नि त Retrieved Feb 6, 2022 https://www.loksambad.com/news/20246

अर्याल, टोपलाल । २०७७ । गुल्मीको पत्रकारितामा कोभिड असर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.२६-२८) । पाल्पा : पाल्पा विकास केन्द्र ।

अर्याल, दीपक, भुवन केसी र तिलक पाठक (सं) । *मिडिया रिडर* (पृ.११७–१३०) । ललितपुर : जगदम्बा प्रकाशन ।

आचार्य, उज्ज्वल । २०७० । अनलाइन पत्रकारिता । दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सं) । *मिडिया रिडर* (पृ.११७-१३०) । ललितपुर : जगदम्बा प्रकाशन ।

आचार्य, उज्ज्वल, पाठक, तिलक र केसी, भुवन । २०७८ । नेपाली आमसञ्चार क्षेत्रमा कोभिड-१९ को असर । तिलक पाठक, भुवन केसी र उज्ज्वल आचार्य (सं) । *महामारीमा मिडिया* (पृ.११-२१) । काठमाडौँ : सेन्टर फर मिडिया रिसर्च-नेपाल ।

आचार्य, प्रकाश । २०७० । व्यावसायिक पत्रकारिता (२०४६-२०७०) । दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सं) । *मिडिया रिडर* (पृ.४२-५२) । ललितपुर : जगदम्बा प्रकाशन ।

आचार्य, प्रेमनारायण । २०७७ । अर्घाखाँचीमा पत्रकारिता र कोरोना प्रभाव । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.५५-५८) । पाल्पा : पाल्पा विकास केन्द्र ।

*आर्थिक सर्वेक्षण* । २०७८ । काठमाडौँ : अर्थ मन्त्रालय ।

ओझा, डा. देवीप्रसाद । २०५८ । सुदूरपश्चिमाञ्चलमा पत्रकारिता । प्रत्युष वन्त (सं) । *क्षेत्रीय मिडिया विगत र वर्तमान* (पृ.२७४-२८५) । काठमाडौँ : मार्टिन चौतारी ।

ओझा, डा. देवीप्रसाद । २०६० । *सुदूरपश्चिममा पत्रकारिता* । काठमाडौँ : मार्टिन चौतारी ।

खनाल, शङ्करप्रसाद । २०७७ । बाँकेको पत्रकारिताको सात दशक र कोरोना कहर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.३८-५४) । पाल्पा : पाल्पा विकास केन्द्र ।

गौतम, राजाराम र मुकुल हुमागाईं । २०६१ । महान् मिडिया क्रान्ति । नेपाल साप्ताहिक, ३ साउन, (पृ.२४-३१) ।

गौड, बेचु । २०७७ । कोरोनाको मारमा नवलपरासीको पत्रकारिता । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ. ६५–७१) । पाल्पा : पाल्पा विकास केन्द्र ।

चन्द्रकिशोर । २०५८ । वीरगञ्जेली पत्रकारिता एक अभिरेखाङ्कन । । प्रत्युष वन्त (सं) । *क्षेत्रीय पत्रकारिता* (पृ.८६–९६) । काठमाडौँ : मार्टिन चौतारी ।

चापागाईं, खगप्रसाद । २०७७ । कपिलवस्तुमा पत्रकारिता र कोभिडको प्रभाव । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.५९–६४) । पाल्पा : पाल्पा विकास केन्द्र ।

ढुंगाना, लक्ष्मण र धिताल, राजेन्द्रप्रसाद । २०७७ । बर्दियाको पत्रकारिताको अवस्था र कोभिडको असर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.२१–२५) । पाल्पा : पाल्पा विकास केन्द्र ।

ढुङ्गेल, विनोद । २०७७ । *वाग्मती प्रदेशमा मिडिया* । मकवानपुर : सञ्चार रजिस्ट्रारको कार्यालय ।

देवकोटा, यादव । २०७३ । अनलाइन पत्रकारिताको लेखाजोखा । Retrieved Jan 10, 2022 from https://www.news24nepal.tv/2016/06/18/49158

नेपाल टेलिभिजन । २०७८ । नेपाली टेलिभिजनको रूपमा नेपाल टेलिभिजन । Retrieved Feb 9, 2022 from https://nepaltvonline.com/2021/01/18628/

नेपाल पत्रकार महासङ्घ । २०७८ । नेपालमा भएका प्रेस स्वतन्त्रता हननका घटनाहरू । Retrieved Jan 21, 2022 from http://www.fnjnepal.org/np

नेपाल पत्रकार महासङ्घ । २०७८ । सदस्यहरू । Retrieved Feb 28, 2022 from http://www.fnjnepal.org/np/page/members

*नेपाल मिडिया सर्वेक्षण* । सन् २०२० । ललितपुर : सेयरकास्ट इनिसिएटिभ ।

*नेपाल मिडिया सर्वेक्षण* । सन् २०१९ । ललितपुर : सेयरकास्ट इनिसिएटिभ ।

न्यौपाने, महेश । २०७७ । रोल्पाको पत्रकारिता र कोरोना कहर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ. ८५-९१) । पाल्पा : पाल्पा विकास केन्द्र ।

न्यौपाने, मोहनकाजी । झापाली पत्रकारिताको सङ्क्षिप्त इतिहास । वन्त, प्रत्युष (स.) । *क्षेत्रीय मिडिया विगत र वर्तमान* (पृ.१३-२४) । काठमाडौँ : मार्टिन चौतारी ।

पराजुली, केशवराज । २०५८ । पोखराको पत्रकारिता । प्रत्युष वन्त(सं) । *क्षेत्रीय मिडिया विगत र वर्तमान* (पृ.२०४-२१२) । काठमाडौँ : मार्टिन चौतारी ।

पाण्डे, युवराज (सं) । २०५५ । *नेपाली पत्रकारिताको विकासक्रम* । काठमाडौँ : नेपाल प्रेस काउन्सिल ।

पाठक, तिलक, केसी, भुवन र आचार्य, उज्ज्वल (सं) । २०७८ । *महामारीमा मिडिया* । काठमाडौँ : सेन्टर फर मिडिया रिसर्च–नेपाल ।

पाठक, तिलक । २०७७ । लुम्बिनी प्रदेशमा पत्रकारिताको अवस्था र चुनौती । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.१–२०) । पाल्पा : पाल्पा विकास केन्द्र ।

पाठक, तिलक र स्वाँर, मनमोहन । २०७२ । *सुदूरपश्चिमको पत्रकारिताको अवस्था अध्ययन* २०७२ । सञ्चार प्रतिष्ठान नेपाल कैलाली, एलायन्स फर सोसल डायलग/ओएसएफ ।

पाठक, तिलक । २०७० । साप्ताहिक पत्रकारिता (१९५८–२०७०) । दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सं) । *मिडिया रिडर* (पृ.५३-७२) । ललितपुर : जगदम्बा प्रकाशन ।

पाठक, तिलक । २०६४ । साप्ताहिक पत्रिकामा दलीय राजनीति । देवराज हुमागाईं, प्रत्युष वन्त, शेखर पराजुली, कोमल भट्ट (सं) । *मिडिया अध्ययन २* (पृ. ७५-१०४) । काठमाडौँ : मार्टिन चौतारी ।

पोखरेल, कृष्ण । २०७७ । पाल्पाको पत्रकारिता र कोरोना कहरको असर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.७२-७७) । पाल्पा : पाल्पा विकास केन्द्र ।

पोखरेल, कृष्ण । २०७८ । बढी मारमा नयाँ पत्रकार । तिलक पाठक, भुवन केसी र उज्ज्वल आचार्य (सं) । *महामारीमा मिडिया* (पृ.१०४-११६) । काठमाडौँ : सेन्टर फर मिडिया रिसर्च-नेपाल ।

*प्रेस काउन्सिल नेपाल ३९औँ वार्षिक प्रतिवेदन* । २०७१ । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

*प्रेस काउन्सिल नेपाल ४६औँ वार्षिक प्रतिवेदन* । २०७८ । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

बुढामगर, जयमान । २०७७ । रूकुम पूर्वमा पत्रकारिता र कोरोनाको असर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.९२-९५) । पाल्पा : पाल्पा विकास केन्द्र ।

बुढा क्षत्री, दीपककुमार । कर्णालीमा मिडियाको अवस्था र नीतिगत समस्या । Retrieved Jan, 2022 from https://www.yugnews.com/2020/02/431

*बहुलवादी नेपाली समाजमा आमसञ्चार* । २०५४ । काठमाडौँ : पत्रकारिता विभाग त्रिवि र फेडरिक इवर्ट स्टिफ्टुङ ।

भुसाल, राधिका । २०७७ । प्युठानको पत्रकारितामा कोरोनाको असर । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.९६-१००) । पाल्पा : पाल्पा विकास केन्द्र ।

मण्डल, नित्यानन्द । जनकपुरमा पत्रिका निकालेर पञ्चायतलाई थर्काउने माधव दाइ । Retrieved Feb 6, 2022 https://shilapatra.com/detail/59550

मल्ल, कृष्ण । २०७७ । स्पन्देहीको पत्रकारिता र कोरोनाले थलिएका सञ्चार माध्यम । किरण कौशल (संयोजन), *लुम्बिनी प्रदेशको पत्रकारिता र कोरोना कहर* (पृ.७८-८४) । पाल्पा : पाल्पा विकास केन्द्र ।

*मिडियाको अवस्था र पहुँच* । २०७३ । काठमाडौँ : सेन्टर फर मिडिया रिसर्च-नेपाल ।

मित्र, सञ्जय । २०७८ । हाम्रो पत्रकारिताको अवस्था र चुनौती लेख । Retrieved Feb 10, 2022 https://ejanakpurtoday.com/35878/

राष्ट्रिय समाचार समिति । २०७८ । Introduction. Retrieved Jan 25, 2022 from http://rssnepal.org.np/about

रेडियो नेपाल । २०७८ । सङ्क्षेपमा रेडियो नेपाल । Retrieved Feb 10, 2022 from https://radionepal.gov.np/overview .

रौनियार, पुरन । सन् २०२० । वरिष्ठ पत्रकार एवं साहित्यकार कापडीलाई सुप्रबल जनसेवा श्री (तृतीय) सम्मान, यस्तो छ पृष्ठभूमि । Retrieved Feb 6, 2022 from https://spkhabar.com/photos/5765/

लुइँटेल, घमराज र आचार्य, मधु । २०६१ । *नेपालका सामुदायिक रेडियो इतिवृतान्त* । काठमाडौँ : नेपाल वातावरण पत्रकार समूह ।

वन्त, प्रत्युष, पराजुली, शेखर, हुमागाईँ, अधिकारी कृष्ण र भट्ट कमल । २०६१ । परिचय । प्रत्युष वन्त, शेखर पराजुली, देवराज हुमागाईँ, कृष्ण अधिकारी र कमल भट्ट (सं) । *रेडियो नेपालको सामाजिक इतिहास* (पृ.१-३४) । काठमाडौँ : मार्टिन चौतारी ।

*सङ्घीयतामा मिडिया नीति तथा कानुन* । २०७६ । काठमाडौँ : सेन्टर फर मिडिया रिसर्च–नेपाल ।

*स्थानीय तहको मिडिया नीति तथा कानुन* । २०७६ । सेन्टर फर मिडिया रिसर्च- नेपाल र पाल्पा विकास केन्द्र ।

स्वाँर, मनमोहन । २०७८ । वैकल्पिक पेसाको खोजीमा पत्रकार । तिलक पाठक, भुवन केसी र उज्ज्वल आचार्य (सं) । *मिडियामा महामारी* (पृ.१२६–१४१) । काठमाडौँ : सेन्टर फर मिडिया रिसर्च–नेपाल ।

Acharya, Ujjwal. 2005. *Online Media Ethics: A study of issues of ethical standard of Nepal's online Meida.* Kathmandu : Center for Media Research Nepal.

Chhetri, Indradhoj. 2008. Online News Portals in Nepal: *An overview, Bodhi* 2(1), 260-267.


K.C, Bhuwan. 2014. *Political Inclination of Journalists and Its influence on News.* Kathmandu: Center for Media Research Nepal.


## सेन्टर फर मिडिया रिसर्च-नेपालका प्रकाशनहरु











थप जानकारीका लागि

नेपाल तथ्य जाँच

NepalFactCheck.org

Nepal: Civic Space Hub

nepalpolicy.org

Nepal: Media Policy Hub

mediapolicy.org.np

प्रदेशमा मिडिया नामक यस पुस्तकमा सातवटा प्रदेशमा मिडियाको अवस्थालाई केलाइएको छ ।

सेन्टर फर मिडिया रिसर्च-नेपाल मिडियाका नीतिगत तथा व्यावहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडियासम्बन्धी अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायतका कार्य गर्छ ।

सहयोग
FRIEDRICH EBERT STIFTUNG
Nepal Office

प्रकाशक
Center *for* Media Research NEPAL

978-9937-1-1802-6